नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

• वर्ष १ • अंक २२५ • २०८० साल असार ११ गते सोमबार • Monday 26, June 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

‘डन’ आतंक

## रङ्गदारीटेक्स नदिँदा दुई बालुवा प्रशोधन उद्योगमाथि कब्जा

*‘हामीले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिँदा हाम्रो उजुरी नै दर्ता गरिएन। धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्का र प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले आफूहरुलाई न्याय दिलाउनुको सट्टा उल्टै उनीहरुलाई नै बढाबा दिइरहेका छन्। डीएसपी गौतमले त झन यदी उद्योग सञ्चालन गर्नु छ भने अक्षय लाललाई पैसा दिनुस् नभए उद्योग बन्द गर्नुस्समेत भनेका छन्।’*



**मधेशदृष्टि**
**जनकपुरधाम।**

धनुषाको गणेशमान चारनाथ नगरपालिका वडा नम्बर-८ पोर्ताहामा स्थानीय ज्ञानेन्द्र कुमार सिंहले सञ्चालन गरेको लवकुश वालुवा प्रशोधन उद्योग र सुरेन्द्र कुमार सिंहले सञ्चालन गरेको उज्वल सप्लायर्समाथि अर्का व्यक्तिले कब्जा जमाएका छन्।

विगत ५ वर्षदेखि सञ्चालन गर्दै आएको सो उद्योगहरुमाथि सोही ठाउँ बस्ने अक्षय लाल महतोले जर्बजस्ती कब्जा जमाएका हुन्। उनले उद्योगका सञ्चालकहरुसँग हप्ता असुलीको नाममा मासिक ५ लाख रुपैयाँ महिनाबारी ट्याक्सको रुपमा तिर्न दबाब दिँदै आएका छन्। उनीहरुले आफूले सो रकम तिर्न नसक्ने भनेपछि अक्षय लालले उद्योगमाथि नै जर्बजस्ती कब्जा जमाएका छन्।

आइतबार एक पत्रकार सम्मेलनको आयोजना गर्दै लवकुश वालुवा प्रशोधन उद्योगका सञ्चालक ज्ञानेन्द्रले भने, ‘हत्या मुद्दामा करिब ६ वर्ष सिरहा कारागारमा बसेर आएका स्थानीय अक्षय लाल महतोले हामीसँग मासिक ५ लाख रुपैयाँ तिर्न दबाब दिँदै आएका छन्। दैनिक ५० जनाको संख्यामा गएर उद्योग कब्जामा लिई हामीलाई कुटपिट गरेर भगाएका छन्।

लवकुश वालुवा प्रशोधन उद्योगमा भएका करोडौंको मालसामान र उज्वल सप्लायर्समा भएका ६० लाखको मालसामान उनीहरुले आफूखुसी नक्कली भ्याट बिल बनाएर बेचिसकेका छन्।’

उनले अक्षय लाल महतो, दिनेश कुमार महतो, किशोरी महतो, अमित कुशवाहा, लाले महतोलगायत १०/१२ जनाको समूह बनाएर उनीहरुले आफूहरुमाथि अत्याचार गर्दै आएको सुनाए।



उनले उच्च अदालतको आदेश कार्यान्वयनमा धनुषा प्रहरीले उल्टै आरोपितलाई नै संरक्षण दिँदै आएकोसमेत बताए। उनले भने, ‘हामीले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिँदा हाम्रो उजुरी नै दर्ता गरिएन। धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्का र प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले आफूहरुलाई न्याय दिलाउनुको सट्टा उल्टै उनीहरुलाई नै बढाबा दिइरहेका छन्। डीएसपी गौतमले त झन यदी उद्योग सञ्चालन गर्नु छ भने अक्षय लाललाई पैसा दिनुस् नभए उद्योग बन्द गर्नुस्समेत भनेका छन्।’

उनले अक्षय लाल महतो सहितका व्यक्तिलाई संरक्षण गर्न प्रशासनले अदालतको आदेशलाईसमेत अवहलना गर्दै निषेधाज्ञा कार्यान्वयन नगरेको आरोप लगाए।

उच्च अदालतले उद्योगमाथि गैरकानूनीमा कब्जा गरेको रिट सम्बन्धमा जारी गरेको निषेधाज्ञा आदेश कार्यान्वयनमा जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालय ढल्केवरले बेवास्ता गरेको देखिएको छ।

उनीहरुले अक्षय लाल सहितका व्यक्तिले कब्जा गरेर राखेको आफ्नो सम्पत्ति छुटाउन र शान्ति सुरक्षाका लागि सुरुमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन जाँदा उजुरी नै लिइएको थिएन। पछि हुलाक मार्फत पठाएपनि प्रहरी प्रशासनले कुनै पहल नगरेपछि बाध्य भएर उच्च अदालतमा मुद्दा दायर गर्दा निषेधाज्ञाको अन्तरिम आदेश जारी भएको थियो। तर, सो आदेश कार्यान्वयन नहुँदा उनीहरुले पुनः अदालतमा आदेशका लागि निवेदन दिएका थिए। अदालतले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई आदेश कार्यान्वयनका लागि पत्राचार मार्फत निर्देशन दिँदासमेत ती निकायहरुबाट अवहेलना गरिदैं आएको छ। उज्वाल सप्लायर्सका सञ्चालक सुरेन्द्र सिंहले अक्षय लाल समूहका व्यक्तिहरुले अवैध रुपमा असुल्दै आएको हप्ता असुलीबाट प्रहरी प्रशासनलाई समेत कमिशन दिइरहेकोले प्रहरीले आफूहरुको जाहेरी समेत लिन नमानेको र अहिले अदालतको आदेशसमेत अवहेलना गरी आरोपितलाई नै संरक्षण दिइरहेको गुनासो गरे।

अक्षय लाललगायतका व्यक्तिहरुले नक्कली भ्याट बिल छपाएर उद्योगको मालसामान पनि बिक्री गर्दै आएका छन्। केही दिन अगाडि मात्र सशस्त्र प्रहरी बल सरसाले नक्कली बिल छापेर माल लोड गरी बिक्रीका लागि लगिरहेको बेला प्रदेश २-०३-००१ ख २९६३ नम्बरका सहित तिनवटा गाडी पनि नियन्त्रणमा लिएको ज्ञानेन्द्रले बताए।

उनीहरुको अपराधिक कार्यले आजिज भई ज्ञानेन्द्र र सुरेन्द्रले अक्षय लाल महतो, उनका छोरा अमित कुशवाहा, किशोरी महतो, लालबाबु महतो र जिल्ला प्रहरी कार्यालय तथा डीएसपी वेदप्रसाद गौतमलाई विपक्षी बनाई अदालतमा मुद्दा दायर गरेका थिए।

## महानगरपालिकाद्वारा इन्टरनेट तथा केबल सेवा प्रदायकलाई कारबाही




**मधेशदृष्टि**
**वीरगंज।**

पटक पटक तार व्यवस्थापनका लागि समय दिँदा पनि अटेर गरेपछि वीरगंज महानगरपालिकाले इन्टरनेट तथा केबल सेवा प्रदायक कम्पनीलाई कारबाही सुरु गरेको छ।

महानगरपालिकाले आइतबार विभिन्न ६ वटा इन्टरनेट तथा केबल सेवा प्रदायकलाई कारबाही स्वरुप जरिबाना काटेको छ।

महानगरपालिकाले तार व्यवस्थापनका लागि काम गरिरहेको र आ-आफ्नो तार व्यवस्थापनका लागि पटक पटक समय दिँदा पनि अटेर गरेपछि बाध्य भएर कारबाही प्रकृयामा जानु परेको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले जानकारी दिए।

महानगरले आइतबार इन्टरनेट तथा केबल सेवा प्रदायक कम्पनी वर्ल्ड लिंक, भायोनेट, क्लासिक टेक, सुविसु र डिसहोमलाई कारबाही स्वरुप २५/२५ सय रुपैयाँ जरिबाना गरिएको छ।

जिल्ला प्रहरी कार्यालय, ओमआश्रम लगायतका स्थानमा केही दिन अघि आगलागी हुँदा ती कम्पनीका तार सडकमै असरल्ल खसेर जोखिमपूर्ण अवस्थामा रहेको जानकारी दिएर हटाउन आग्रह गर्दा पनि सम्बन्धित कम्पनीले हटाउन चासो नदिएपछि महानगरले उनीहरुलाई कारबाही गरेको हो।

पोलमा गुजुल्टो पारेर जथाभावी टांगिएको तारका कारण आगलागीका घटना पनि बढीरहेकोछ।

महानगरले तार व्यवस्थापनमा लामो समयदेखि काम गरिरहेको भए पनि नतिजा हात पार्न सकेको छैन। सम्बन्धित कम्पनीको असहयोगका कारण तार व्यवस्थापन जटिल बनेको छ। यसले सहरी सौन्दर्यलाई समेत असर गरिरहेको छ।

जुनसुकै स्थानबाट जथाभावी तार तान्ने कामलाई निरुत्साहित गर्न महानगरले पटक पटक सम्बन्धित कम्पनीहरुलाई चेतावनी दिएको भए पनि अटेर गर्दै पोलमा तार झुण्ड्याउने क्रमलाई जारी राखेको छ।

अब कम्पनीहरुले पूर्व स्वीकृति बेगर तार तान्ने र जथाभावी झुण्ड्याउने गरेको भेटिए कडाइका साथ कारबाही गर्ने गरि महानगर जुटेको महानगरको सूचना प्रविधि शाखाका बृजेश प्रधानले बताए।

आइतबार पहिलो पटक सेवा प्रदायकलाई २५ सय जरिवाना गरिएको र अर्को पटकबाट भने जरिबानाको अंक पनि बृद्धि हुने उनले जानकारी दिए।

## मधेश प्रदेश सरकारले एन्टिस्नेक भेनम खोपको उत्पादन गर्ने




**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश प्रदेशमा वर्षेनी रुपमा सर्पदंशका कारणले धेरैको मृत्यु भईरहेको वेलामा मधेश प्रदेश सरकारले सर्पको टोकाईवाट पिडत भएकालाई प्रभावकारी उपचार गर्नका लागि एन्टिस्नेक भेनम खोपको उत्पादन विषयमा विज्ञहरुसंग छलफल शुरु गरेको छ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले एन्टीस्नेक भेनमका विषयमा विज्ञहरुको सहभागितामा राष्ट्रिय स्तरको छलफल कार्यक्रम आईतवार जनकपुरधाममा सम्पन्न गरेको छ। अहिले एन्टिस्नेक भेनम खोप भारतवाट ल्याउने गरिन्छ। वर्षेनी रुपमा भारतवाट एन्टिस्नेक भेनम ल्याउदा देशको करोडौ रकम विदेशीने गरेको छ।

यति मात्र नभएर एन्टिस्नेक भेनम खोपको अभाव भएका वेलामा धेरै नेपालीको मृत्यु हुने गरेको छ। स्वदेशमा नै एन्टिस्नेक भेनम खोपको उत्पादन भएको खण्डमा मुलुकमा सहज आपूर्तीका साथै विदेशमा खोप निर्यात गरेर राम्रो आय आर्जन गर्न मिल्ने भएकाले नै विज्ञहरुसंग परामर्श गरेको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख एवं निर्देशक डा. श्रवण मिश्रले जानकारी दिनु भयो।

सर्पको टोकाईवाट पिडित भएकालाई हाल विभिन्न सरकारी अस्पताल तथा नेपाली सेनाले सञ्चालन गरेको सर्पदंश उपचार केन्द्रमा हुने गरेको भएपनि ती ठाउँहरुमा विदेशवाट आयात गरिईएको एन्टी स्नेक भेनम खोपको गरेको छ। कार्यक्रममा बोल्दै मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. नम्रता सिंहले कुन ठाउँमा कस्तो विशालु सर्पको प्रभाव छ त्यस विषयमा अनुसन्धान गरेर एन्टिस्नेक भेनम खोपको उत्पादन गर्न आवश्यक भएको बताए। उनले यसमा प्रदेश सरकारले सहयोग गर्नका लागि तयार भएको पनि बताए।

स्वास्थ्य सेवा विभागका महानिर्देशक दिपेन्द्ररमण सिंहले सर्पको टोकाईवाट जोगाउनका लागि स्वदेशमा नै एन्टिस्नेक भेनमको उत्पादनको प्रक्रिया अगाडी बढाउनका लागि प्रदेश सरकारले छलफल गर्नु स्वागत योग्य भएको बताउलै यस कार्यमा नेपाल सरकारले सहयोग गर्नका लागि तयार भएको बताए। राष्ट्रि स्वास्थ्य अनुसन्धान परिषद्का सदस्य सचिव प्रदिप ज्ञवालीले एन्टिस्नेक भेनम उत्पादनका लागि मधेश प्रदेश सरकारले तयारीमा जुट्नु सुखद भएको बताउदै अनुसन्धानको पक्षमा आफूहरु सहयोग गर्नका लागि तयार भएको बताए।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त उपकूलपति प्राध्यापक डा.अंकुर साहले मानव स्वास्थ्यसंग जोडिएको एन्टिस्नेक भेनमको मधेश प्रदेशमा उत्पादन गर्ने विषयमा विमर्स शुरु हुनु स्वागत योग्य भएको बताए। राष्ट्रिय सरुवा रोग केन्द्रका पूर्व निर्देशक डा. गरिव दासले एन्टिस्नेक भेनम मधेश प्रदेशमा उत्पादनका लागि तयारी थाल्नु स्वागत योग्य भएको बताउदै यसमा आफूले सक्दो सहयोग गर्ने बताए।

कार्यक्रममा वायोभ्याकका प्रतिनिधि डा. दिनेश कर्माचार्यले एन्टिस्नेक भेनम उत्पादनको विषयमा हालसम्म भएको प्रयास तथा अनुसन्धानको विषयमा जानकारी दिएका थिए भने सर्पमा विद्यावारिधी गरेका वेद प्रसाद पाण्डेले नेपाल तथा मधेश प्रदेशमा पाईने सर्पको विषयमा जानकारी दिनु भएको थियो।

मधेश प्रदेशका जिल्लाहरुमा गर्मी तथा वर्षा शुरु भएपछि सर्पदंशको समस्या बढी मात्रामा हुने गरेको छ। समयमा उपचार नहुदा सर्पदंशकै कारणले धेरैको ज्यान गईरहेको छ। मधेश प्रदेशको ८ जिल्ला सर्पको जोखिममा रहेको छ। यी जिल्लाहरुमा किंग कोवार, कोवरा, करैत, साखड जस्ता विशालु जातका सर्पको बसोवास अत्यधिक मात्रामा रहेको छ।

## अतिरिक्त करका कारण आलु प्याजको व्यवसाय अनिश्चितकालका लागि ठप्प

### पसल बन्द गर्ने विषयमा व्यापारी दुई कितामा

पसल बन्द गर्ने या नगर्ने बिषयमा पनि ब्यबसायीहरु दुई कित्तामा देखिएको छ। एक पक्षले आलु प्याजको कारोबार रोक्नुपर्ने भन्दै बिहानैदेखि सबै होलसेल तथा खुद्रा पसलहरु बन्द गराएका छन भने त्यही केही ब्यापारीहरुले नै त्यसको बिरोध गरेको र बन्द गराए प्रतिकारमा उत्रिने चेतावनी समेत दिएका छन। आलु प्याजको कारोबार बन्द गर्दा आलु प्याज गर्मीमा बिग्रन सक्ने भन्दै केही ब्यापारीले त्यसको बिरोध समेत गरेका हुन।यसै बिषयलाई लिएर बन्द गराउने पक्ष र बन्द गर्न नमान्ने बिच केही क्षण चर्काचर्की समेत भएको थियो। दुई पक्ष बिच सामान्य झडपको अवस्था नै सिर्जना हुन थालेपछि तत्कालै प्रहरी पुगेर घटनालाई साम्य पारेको थियो।




**मधेशदृष्टि**
**जनकपुरधाम।**

बजेट भाषणमार्फत नेपाल सरकारले तरकारीमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाएपछि जनकपुरधामका व्यवसायीले आलु र प्याजको बिक्री ठप्प गरेका छन्।आलु प्याजको आयात ‘शून्य’मा झरेपछि व्यवसायीले बिक्री ठप्प गरेका हुन्।

यसअघि भारतबाट आयात हुँदै आएको आलु र प्याज जेठ १८ गतेपछि आयात हुन छाडेको छ।करलाई कारण देखाएर व्यवसायीले आयात रोक्दा अब सर्वसाधारणको भान्छा महँगिने देखिएको छ।अहिले जनकपुरधामको पेठियास्थित तरकारी बजारबाट भारतीय आलु प्याज बिक्री भइरहेपनि यो यसअघि नै आयात भएर बसेको स्टक मात्रै रहेको र नयाँ आलु प्याजको आयात ठप्प रहेकोले बिक्री वितरण बन्द गरिएको आलु प्याज व्यवसाय संघ जनकपुरधामका अध्यक्ष अलाउद्दिन राईनले जानकारी दिए। ‘बजेटपछि जेठ १६, १७ र १८ गते भारतबाट प्याज आएको थियो, तर त्यसपछि आयात शून्य छ’ राईनले भने, ‘प्याजको कारोबार नै छैन, त्यही भएर मूल्यसूची पनि राख्न छाडेका छौं।’ अब प्याज आउँछ की आउँदैन भन्ने अन्यौल नै रहेको उनको भनाइ छ।‘बाहिर महँगो भइसक्यो भन्ने सुनिएको छ, तर प्याजको कारोबार यहाँबाट शून्यमा झरेको छ’ राईनले थपे, ‘बाहिर अहिले बिक्री भइरहेको प्याज पनि यहीबाट केही दिन अघिसम्म गएको स्टक हो, त्यो सकिएपछि बाहिर पनि नपाउने अवस्था आउन सक्छ।’

सरकारले भ्याट लगाएपछि व्यापार गर्न कठिनाइ भइरहेको बताउँदै उनले प्याजमा प्रतिकिलो १३ र आलुमा प्रतिकिलो ८ रूपैयाँ भन्सार तिर्न परिरहेको गुनासो गरे। भ्याट लागेपछि दुई/चार ट्रक आलु प्याज मगाएपनि आधा मात्र बिक्री भएको र आधा गोदाममै सँडेको उनको दुःखेसो छ।ग्राहकहरू सिमानाकास्थित भारतीय बजार जान थालेपछि व्यापार चौपट भएको र यहाँका व्यापारीहरू लाखौंको घाटामा गएको उनले बताए।

उनले सरकारसँग आलु प्याजलगायत तरकारी र फलफूलमा लगाइएको भ्याट खारेज गर्न र खुला सिमानाकालाई नियन्त्रण गर्न आग्रहसमेत गरेका छन्।आफूहरूले बिक्री वितरण ठप्प गर्दा ग्राहकमा पर्न गएको असुविधाप्रति क्षमा माग्दै अध्यक्ष राईनले यसको सम्पूर्ण जिम्मेवार नेपाल सरकार रहेको बताए।सरकारले तरकारीको आयातमा भ्याट लगाएपछि आयात रोकिएर बजारमा आलु प्याजको अभाव हुँदै गएको छ भने अन्य तरकारीको पनि भाउ बढेको छ। केराउ, सागपात, कोसे तरकारी, केराउ, बोडीमा भ्याट लगाएपछि यी तरकारी महँगिएका छन्। घिरौला, टमाटर, बन्दा कोभी, काउलीलगायतका तरकारीमा भ्याट लगाइएको छैन। तर पनि अन्य तरकारीको भाउ बढ्दा भ्याट नलाग्ने र कम मात्रामा आयात हुने यस्ता तरकारीको भाउ पनि आकासिएको छ।

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेटमार्फत तरकारी तथा फलफूलसहित १७० वस्तुको आयातमा मूल्य अभिवृद्धि कर लगाउने घोषणा गरेका हुन्। जेठ १५ गते बजेट प्रस्तुत भएपछि जेठ १६ गतेबाटै यो निर्णय लागू भएको हो।जनकपुरधाम बजारमा १७ वटा थोक बिक्रेतामार्फत दैनिक १५० टन आलु प्याज बिक्री हुँदै आएको छ।

# करिब तीन महिनापछि हरिपूर्वा नगरपालिकाको कामकाज सुरु

**यस्तो भयो सहमति**

१) ९ बुँदे मागका लागि दुवै पक्षले स्विकार्य गर्ने अधिकार सम्पन्न कार्यदल अन्तर्गत मेयरको तर्फबाट १ जना र सर्वदलिय संघर्ष समितिको तर्फबाट एक तथा उक्त कार्यदलमा प्रदेश सांसद जङ्गिलाल यादव, कौशल किशोर यादव र जिल्ला समन्वय समितिका प्रमुख कौशल किशोर सिंह गरि जम्मा ५ जनाको समिति गठन।
२) निर्णय नम्बर-१ मा गठन भएको कार्यदलले ९ बुँदे मागका सम्बन्धमा आवश्यक अध्ययन गरि ७ दिनभित्र प्रतिवेदन पेश गर्ने।
३) बाँके-सङ्ग्रामपुर सडक खण्डमा रहेका अवरोधहरु तुरुन्त हटाउन शुरुवात गर्नुपर्ने।
४) हरिपूर्वा नगरपालिकाको कार्यालयमा रहेको तालाबन्दी असार १० गते आइतबारदेखि खुल्लागरि कार्यपालिका संचालनमा रहेको अवरोध पुर्नरुपमा हटाइने।
५) निर्णय नम्बर-२ मा भएको निर्णयअनुसार कार्यदलबाट प्राप्त प्रतिवेदन, आन्दोलनरत दुबैपक्षले स्वीकार गरि कार्यान्वयनमा लैजाने प्रतिबद्धता जाहेर।



**मधेशदृष्टि**
**सर्लाही।**

करिब तीन महिनापछि सर्लाहीको हरिपूर्वा नगरपालिकाको कामकाज आजदेखि सुरु भएको छ।

९ बुँदे माग राख्दै सर्लाहीको हरिपूर्वा नगरपालिकामा ८८ दिनदेखि गरिएको तालाबन्दी आइतबार ५ बुँदे सहमतिपछि संर्घष समितिले आन्दोलन फिर्ता लिएपछि नगरपालिका सञ्चालनमा आएको हो। प्रदेशसभा सदस्य जंगिलाल राय, कौशल किशोर राय, संघर्ष समितिका संयोजक बिकाउ राय, हरिपूर्वाका नगरप्रमुख बिनोद कुमार साह तथा प्रमुख प्रशासकिय अधिकृतको रुपमा हाजिर भएका निमेष मिश्र लगायतको उपस्थितिमा मेयरको कार्यकक्ष, प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्ष तथा लेखा शाखाको कार्यकक्षमा लगाएको ताला खोलेर पालिकाको कार्यालय सञ्चालन गरिएको छ। गत चैत १५ गते संघर्ष समितिद्वारा अनिश्चितकालका लागि तालाबन्दी गरेपछि हरिपूर्वा नगरपालिकाको सेवाग्राहीको कामकाजदेखि विकास निर्माणलगायत सम्पूर्ण काम ठप्प भएको थियो। जसले गर्दा सशर्त अनुदानको करिब ३४ करोड रुपैयाँ भन्दा बढी रकम फ्रिज हुने अवस्थामा पुगेको छ। हरिपूर्वा नगरपालिकामा भएको तालाबन्दी पछि कुनैपनि प्रमुख प्रशासकिय अधिकृत हरिपूर्वा आउन नमानेपछि पहिलो पटक उपसचिवमा नाम निकाल्न सफल भएका प्रमुख प्रशासकिय अधिकृतको रुपमा निमेष मिश्र पदस्थापन तथा हाजिरी गरि नगरपालिकाको कामकाज अगाडि बढाएका छन्। हाजिर तथा पदस्थापन कार्यक्रममा मेयर बिनोद कुमार साह, उपमेयर सुमित्रा देवी, वडाध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारीलगायतकाहरुको उपस्थिति रहेको थियो।

हाजिर तथा पदस्थापन भएलगत्तै हरिपूर्वा नगरपालिकाभित्र केन्द्रिय तथ प्रदेश बजेटबाट भइरहेको विकासको कार्यक्रमहरुको स्थलगत निरिक्षणसमेत गरिएको छ।

# संघीय हिन्दू गणतन्त्र स्थापना गरेरै छाड्छौं : यादव




**मधेशदृष्टि**
**काठमाडौं।**

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले नेपालमा संघीय हिन्दू गणतन्त्र स्थापना गरेरै छाड्ने बताएका छन्।

अभियानको अवधारणा पत्र सार्वजनिक गर्न आइतबार बत्तीसपुतलीको अनुपम फुडल्यान्डमा आयोजित कार्यक्रममा उनले नेपाललाई जोड्ने आधार नै सनातन संस्कृति रहेकाले त्यसका जगेर्ना गर्दै मुलुक र मुलुकवासीलाई जोडिराख्न संघीय हिन्दू गणतन्त्र मात्र विकल्प रहेको बताए। 'जुन दिन सनातन संस्कृति समाप्त हुन्छ, त्यस दिन राष्ट्रिय एकता पनि समाप्त हुनेछ,' उनले भने, 'हरेक ४० किलोमिटरमा हाम्रो देशमा सांस्कृतिक विविधता छ। अलग-अलग संस्कार, संस्कृति र भेषभुषा छ। पूर्वदेखि पश्चिमसम्म विविधता छ। ती सबैलाई जोड्ने कडी सनातन संस्कृति हो र हिन्दू धर्म हो।'

हिन्दू धर्म मजबुत रहुन्जेल नेपालको राष्ट्रियता पनि मजबुत हुने उनले बताए। 'राष्ट्रियता पसलमा खरिद गर्न मिल्ने वस्तु होइन, अनादि कालदेखि चलिआएको संस्कृति नै राष्ट्रियताको आधार हो,' उनले भने, 'नेपालमा अनादि कालदेखि चलिएको संस्कृति सनातन संस्कृति हो।' 'संघीय हिन्दू गणतन्त्र स्थापना नभएसम्म हामी चयनको निद्रा निदाउने छैनौं। चयनसाथ भोजन गर्ने छैनौं,' उनले जोड दिए।

कार्यक्रमका प्रमुख अतिथि पूर्वउपराष्ट्रपति परमानन्द झाले दोस्रो जनआन्दोलनपछि निर्माण गरिएको अन्तरिम संविधानमा कसैलाई जानकारी नै नदिई धर्म निरपेक्षता घुसाइएको बताए।

आफू तत्कालीन उपराष्ट्रपति हुँदा पनि आफूले पत्तो नपाएको उनले बताए। मुलुकमा संघीय हिन्दू गणतन्त्र स्थापना गर्न राष्ट्रिय एकता अभियानले अगाडि सारेको एजेन्डा सबै नेपालीको हृदयमा छुने खालको भएको उनले बताए। कांग्रेस केन्द्रीय सदस्य तथा पूर्वमन्त्री शंकर भण्डारीले हाम्रो मुलुक बन्नु अघिदेखि नै सनातन संस्कार, संस्कृति र हिन्दूत्वको पदार्पण भएको बताए। तर, आफ्नो संस्कार र संस्कृतिलाई भुल्दै जाँदा दुःख पाउने अवस्थामा नेपाल र नेपाली रहेको उनले बताए।

'हामीले हाम्रो सनातन धर्म, संस्कार, संस्कृतिको रक्षा गर्न सक्यौं भने संसारको सबैभन्दा शक्तिशाली मुलुक नेपाल बन्नेछ,' उनले भने।

लोसपा नेता तथा पूर्वमन्त्री अनिल झाले अभियानले संघीय हिन्दू गणतन्त्रको नयाँ अवधारणा ल्याएकामा शुभकामना दिए। 'विगतमा हिन्दू धर्मलाई राजतन्त्रसँग जोडेर हेर्ने गरिएको थियो। वीरगञ्जमा नेपाल गेट बनाउँदा एकजना शंकराचार्यले दिएको मन्तव्यपछि सबैले त्यसलाई आ-आफ्नै प्रकारले परिभाषित गरे। त्यही विन्दुबाट यो देशको हिन्दूत्वलाई राजसंस्थासँग जोडियो। जब राजसंस्था गयो हिन्दुत्व पनि गयो,' झाले भने, 'ती दुवैलाई घाँटी नजोडिदिएको भए गणतन्त्र स्थापनापछि हिन्दुत्व नजान सक्थ्यो।' राष्ट्रिय एकता अभियानको अवधारणाबाट हिन्दुत्व संघीयता र गणतन्त्रमा पनि एकाकार भएर अगाडि बढ्ने बाटो दिएको उनले बताए।

कार्यक्रमलाई किरात धर्मगुरु डा. चन्द्रकुमार शेर्माले आफ्नो अवधारणालाई अक्षरसः पालना गर्न अभियान र उसका अध्यक्ष विनय यादवसँग आग्रह गरे। यस्तै, संविधान सभाका सदस्य तथा अभियानका वरिष्ठ नेता बीपी यादवले संघीय हिन्दू गणतन्त्रको अवधारणामा बहस छेडिनुपर्ने बताए। 'सम्पूर्ण नेपालीलाई एकसूत्रमा बाँध्न, एउटा एजेन्डामा एकताका लागि यो विषय निकै महत्त्वपूर्ण छ,' उनले भने, 'अहिले मुलुकमा लोकतन्त्र र गणतन्त्र स्थापना भएको छ। तर, मुलुक एकतातर्फ अगाडि बढेको छैन। यो मुलुकलाई एकताबद्ध बनाउनका लागि हामीले यो अभियान अगाडि बढाएका हौं।' हिन्दू धर्ममाथि चौतर्फी प्रहार भइरहेको उनले बताए।

# कवाडीझैं थन्किए घुम्ती शौचालय

**रासस**
**चन्द्रपुर।**

चन्द्रपुर नगरपालिकाले खरिद गरेर ल्याइएको दुईवटा घुम्ती शौचालय लामो समयदेखि त्यतिकै थन्किदा सरकारी लगानी बालुवामा पानी भने झै देखिएको छ। शौचालय प्रयोगमा ल्याउन नगरपालिकाले चासो नदिँदा ती शौचालय त्यतिकै थन्किएका हुन्। नगरपालिकाको मुकाम रहेको चन्द्रनिगाहपुरको मुख्य चोकमा एउटा पनि सार्वजनिक शौचालय छैन्। यहाँ दिनहुँ ठूलो सङ्ख्यामा सवारी साधन र मानिसको आवतजावत हुन्छ। उनीहरुलाई शौच गर्न निकै समस्या पर्दै आएको छ। चन्द्रनिगाहपुरको मुख्य चोक क्षेत्र पूर्व-पश्चिम राजमार्ग भएर चल्ने बसका यात्रु तथा मालबाहक ट्रक चालकका लागि खाना खानेस्थलका रूपमा चिनिन्छ।




जिल्लामा नमुनाको रूपमा यसअघिका नगरप्रमुख रामचन्द्र चौधरीका पालामा रु १० लाखको लागतमा शौचालय ल्याइएको थियो। ती शौचालय अहिले पनि शहीद पार्क र नगरपालिका कार्यालय परिसरमा त्यतिकै थन्किएका छन्। अहिले ती शौचालयका सञ्चालन नहुँदा सबै महत्वपूर्ण सामान काम नलाग्ने भइसकेका छन्।

नगरपालिकाकै मुटु मानिने वडा नं ४को मुख्य चोकमा सार्वजनिक शौचालय बनाउन जमिन अभाव भएकाले नगरपालिकाले दुईवटा घुम्ती शौचालय खरिद अधिक भीड हुने यहाँको दुई स्थानमा सञ्चालमा ल्याउन खोजेको थियो। कोरोना सङ्क्रमणको महामारीका बेला एउटा चाँदी खोला छेउको शहीद पार्कमा लगिएको र अर्कोलाई चोकमा राखिएको थियो।

नगरपालिका घोषणा नहुँदै तत्कालीन चन्द्रनिगाहपुर गाविसले चोकको दक्षिण क्षेत्रमा बग्ने पैनीमा शौचालय भवन निर्माण गर्न थालेको थियो। उतिबेला शौचालय बनाउने ठाउँका विषयमा ठूलै विवाद भएपछि सार्वजनिक शौचालय बन्न नसकेको स्थानीय समाजसेवी राजु तिवारीले बताए। उनका अनुसार त्यसपछि यस क्षेत्रमा शौचालय निर्माणका लागि कसैले पनि पहल गरेनन्।

नगरपालिकाले चोकको पश्चिमतर्फ जङ्गल छेउमा सार्वजनिक शौचालय बनाएको भए पनि त्योसमेत प्रयोगविहीन छ।

अहिले पनि चोकमा मानिस शौच गर्न नपाएर छटपटाउने गरेको देखिन्छ। पैदलयात्री शौचालय खोज्दै होटल जान बाध्य भए पनि उनीहरुलाई होटल सञ्चालकले शौच गर्न दिँदैनन्। घुम्ती शौचालय चाँडै सञ्चालनमा ल्याउनुपर्नेमा स्थानीयवासीको जोड छ। नगरपालिकाले लाखौं लगानीमा ल्याएको त्यस्ता घुम्ती शौचालय व्यवस्थापन र सञ्चालन नहुँदा सर्वसाधारणलाई सास्ती हुँदै आए पनि नगरपालिकाको ध्यान जानसकेको छैन। घुम्ती शौचालय सञ्चालन गर्ने योजना रहेको नगरपालिकाका प्रमुख सञ्जय काफ्लेले बताए। शौचालयका केही पाटपुर्जामा समस्या देखिएको जनाउँदै उहाँले घुम्ती शौचालय सानो र साँघुरोसमेत रहेको जनाउँदै चाँडै नै 'मोडिफाइ' गरी सञ्चालनमा ल्याउने जानकारी दिए।

# जनकपुरधाममा अनौठो चोरीको घटना

**मधेशदृष्टि**
**जनकपुरधाम।**

चोरले चोरी गर्न विभिन्न हतकंडाहरु अपनाउदै आएको एक घटनाबाट प्रष्ट भएको छ। जनकपुरधाममा अनौठो चोरीको घटना भएको छ।



जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-४ विश्वकर्मा चोक बस्ने शंकर महासेठका ११ वर्षीय छोरा रौनक महासेठले चलाईरहेको साइकलमै सवार भएर सोही साइकल चोरी गरी चोर फरार भएका छन्। शनिबार बिहान साढे ८ बजे रौनकले आफ्नो घर नजिकै बाटोमा साईकल चलाईरहेका बेला मास्क लगाएर आएका एकजना अपरिचित युवाले उनीसँगै साईकलमा सवार भई बालकलाई छक्याएर साईकल लिई फरार भएका हुन्।

रौनकका पिता शंकरले भने, 'बिहान बिहानै मेरो छोरा साईकल लिएर घरबाट कुनै सामान किन्न पसलतर्फ गईरहेको थियो। सोही क्रममा मास्क लगाएका सो युवकले उनलाई रोक्न लगाई बाबु तिमी कुन स्कुलमा पढछौ भनेर सोध्यो। रौनकले आफू सेन्ट जेभियर्स हाईस्कुलमा अध्ययन गरिरहेको सुनाएपछि उनले म पनि सोही विद्यालय आसपासमा बस्छु, मलाई त्यहाँसम्म साईकलमा बसाएर छोड्देउ भन्यो। रौनकले नमान्दा थोरै दुरीमा छ, १० मिनेटमै आईहाल्छौ मलाई एकदम जरुरी काम छ छोड्देउ न बाबु भनेर आग्रह गरेपछि रौनकसँगै उनी साईकलमा बसेर जिल्ला प्रहरी कार्यालयसम्म पुगे। त्यहाँसम्म पुगेपछि सो युवकले बाबु तिमि पछाडि बस म साईकल चलाउँछु भन्दै उनलाई उत्रिन भने। रौनक साईकलबाट ओर्लेर सो युवकको हातमा साईकल थमाउन नपाउँदै उनी सो साईकल लिएर फरार भएका थिए।'

महासेठले साईकल चोरी हुनु सामान्य घटना भएपनि बालकलाई यसरी छक्याएर उनको घरभन्दा टाढा लगि बिच्चलीमा पार्नु ठूलो कुरा रहेको बताए।

# पर्सा निकुञ्जमा साइक्लिङको सुरुवात

**मधेशदृष्टि**
**वीरगंज।**

पर्यटन प्रवर्द्धनका लागि बाराको जीतपुर सिमरा उपमहानगरपालिकाले पर्सा राष्ट्रिय निकुञ्जभित्र साइकल पथ निर्माण गरेर साइक्लिङको सुरुवात गरेको छ।

उपमहानगरले निकुञ्जको जनजागरण मध्यवर्ती सामुदायिक वन, मुर्सनीमाई, राधाकृष्ण, भीमेश्वर मध्यवर्ती सामुदायिक वन हुँदै पर्सा राष्ट्रिय निकुञ्जको कोर क्षेत्र भित्रबाट अमलेश्वर मध्यवर्ती सामुदायिक वनसम्म करिब १९ किलोमिटर क्षेत्रमा साइकल मार्ग निर्माण गरेको हो। हाल सो क्षेत्रमा भौतिक पूर्वाधारका संरचनासमेत निर्माण भइरहेको र सिमरा आसपासका युवाहरूले दैनिक साइक्लिङ समेत गर्दै आएको उपमहानगरका इन्जिनियर सञ्जीव रुपाखेतीले बताए। उनका अनुसार ठाउँ ठाउँमा साइकल मार्ग लेखिएको बोर्डहरू, आराम गर्ने विश्रामस्थललगायत यसलाई प्रवर्द्धनका लागि शनिवार औपचारिक कार्यक्रमको आयोजना समेत गरिएको छ।

बारा जिल्लाबाहेक अन्य भूभागबाट पनि निकुञ्जभित्र साइक्लिङ गर्न ईच्छुक आन्तरिक तथा बाह्य पर्यटकले कम्तीमा १० जनाको समूह बनाएर निकुञ्ज प्रशासनसँग अनुमति लिनुपर्ने व्यवस्था छ। उता उपमहानगरपालिकाले मध्यवर्ती क्षेत्रबाहेक पनि निकुञ्जको कोर क्षेत्र भित्रबाट साइकल पथ निर्माण गरेको प्रति निकुञ्ज प्रशासनले भने आपत्ति जनाएको छ। पछिल्लो समय साईकल पथ निर्माण गरिएको क्षेत्रमा जंगली हात्ती, बाघ, भालु, गौरीगाई लगायतका दुर्लभ वन्यजन्तुहरू आवत जावत गर्ने हुँदा अनुमति दिन नसकिने जनाएको छ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन, तपाइको को कार्यको उचित मूल्यांकन होला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला। अधुरा काम बन्नाले मन हर्षित होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ। परिवारजनको सहयोग पाइएला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ। आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला। प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला।

## वीरगंजमा योग शिविर सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
'गरौँ योग, रहौँ निरोग' भन्ने नाराका साथ आइतबारबाट वीरगंज महानगरपालिका वडा नम्वर ५ मा आइतबारबाट योग शिविर सुरु भएको छ ।

७ दिन सम्म चल्ने योग शिविरको वडा नम्वर ५ का वडा अध्यक्ष प्रदीप चौरसियाले उद्धाटन गरेका छन् । शिविरमा ३० जनाभन्दा बढी महिलाको सहभागिता रहेको छ ।
७ दिनसम्म हरेक दिन बिहान साढे ६ बजेदेखि सञ्चालन हुने शिविरमा सहभागीलाई प्रतिमा सिंहले योग प्रशिक्षण दिनेछ ।
उद्धाटन कार्यक्रममा महानगरपालिकाको सामाजिक शाखाका खोभारी यादव, आमा समुहकी अध्यक्ष जुली श्रेष्ठ, वडा सदस्यहरू संजु दाहाल, मंजु परियार, रूस्तम अली लगायतको सहभागीता थियो । यस्तै वीरगञ्जको वडा नम्वर १५ भिस्वामा जारी ७ दिने योग शिविर आज सम्पन्न भएको छ ।
भिस्वाको आयुर्वेद भवनमा जारी शिविरमा सहभागिलाई नसिबलाल सेठले प्रशिक्षण दिनुभएको थियो ।
कार्यक्रममा साहिब दरबारका अध्यक्ष उमेशलाल सहनी, समाजसेवी सरोज चौधरी, विकाश चौधरी, शंभु गुप्ता, रामेश्वर सहनी लगायतको उपस्थित रहेको थियो ।

## देवतालद्वारा ३१ करोड बढीको बजेट सार्वजनिक



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको देवताल गाँउपालिकाको १० औं गाउँसभामा आगामी आर्थिक वर्षका लागि सम्पन्न ३१ करोड भन्दा बढीको बजेट सार्वजनिक गरिएको छ ।
आइतबार आयोजित गाँउसभामा गाँउपालिका अध्यक्ष उदय प्रसाद यादवले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ३१ करोड ७ लाख ४३ हजारको बजेट प्रस्तुत सार्वजनिक गरेका हुन् ।
त्यसअघि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाँउपालिका अध्यक्ष यादवले गाँउपालिकामा आवश्यक हरेक योजनालाई प्राथमिकतामा राखेको बताए । उनले शिक्षा , खानेपानी र स्वास्थ्य पनि मुख्य प्राथमिकतामा रहेको जनाउँदै गाँउपालिकाको चौतर्फि विकासका लागि अगाडी बढ्ने बताए । खानेपानीका लागि एक घर एक चापाकल योजना अन्तर्गत सबै घरमा चापाकल जडान गरिने भन्दै उनले गाउँघरमै रोजगारी सृजना गरिने पनि बताए । गाँउसभामा गाँउपालिकाकी उपाध्यक्ष सितापती यादव, सात वटै वडाका वडा अध्यक्ष, वडा सदस्य, कार्यपालिका सदस्य , प्रमुख प्रशासकीय अधिकृत नवीन श्रीवास्तव, कर्मचारी लगायतको सहभागीता थियो ।

## सबैभन्दा गरिब मधेश प्रदेश रहेको मन्त्रीको भनाइ




**मधेशदृष्टि**
**राजविराज ।**
मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवले नेपालमा मधेश प्रदेश सबैभन्दा गरिब प्रदेश रहेको बताएका छन् ।
आइतबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको गाउँसभामा बोल्दै मन्त्री यादवले साधन स्रोतको अभावका कारण मधेश प्रदेशका जनता संकटमा रहेको भन्दै कार्यवाहक मुख्यमन्त्री यादवले समस्याको चाङ्का बीच प्रदेश सरकार काम गरिरहेको बताए ।
आठौँ गाउँसभाको उद्घाटन गर्दै उनले मधेश प्रदेशका जनताको स्रोत आफ्नो विवेक र मेहनत मात्र रहेकोले त्यसको सदुपयोग गर्दै सुन्दर भविष्य निर्धारणमा लाग्नुपने बताए ।कार्यवाहक मुख्यमन्त्री समेत रहेका मन्त्री यादवले कृषिमा विद्युतीकरणसहित सिँचाइको प्रवन्ध मिलाएर कृषि क्षेत्रलाई आधुनिकीकरणको लागि प्रदेश सरकार अगाडि बढेको बताए ।
मधेस प्रदेश सरकारले आर्थिक वर्ष ०७९/८० का लागि ४६ अर्ब ८८ करोड ९ लाख रुपैयाँको बजेट ल्याएको छ ।
तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलको अध्यक्षतामा आयोजित गाउँसभा उद्धाटन समारोहमा प्रदेश सांसद सतिषकुमार सिंहलगायतका वक्ताहरुले गाउँसभाको सफलताको शुभकामना दिए ।

## उपमेयरद्वारा वृन्दावन नगरसभा बहिष्कार

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको वृन्दावन नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम एवं बजेट कार्यक्रम प्रति बहुमत सदस्यहरुले आपत्ति जनाउँदै बहिष्कार गरेका छन् ।
गत आर्थिक वर्ष २०७९/०८० को वार्षिक आयव्यय सार्वजनिक नै नगरी नगरसभा गर्न लागेको भन्दै उपमेयरको नेतृत्वमा उनीहरुले आपत्ति जनाउँदै बहिष्कार गरेका हुन् । गत आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पुर्वाधार लगायतका विभिन्न शिर्षकहरुमा विनियोजित रकमहरु मध्ये के कति रकम खर्च भएको वा खर्च हुन




बाँकी रहेको विषयहरुमा नगरसभा सदस्यहरुसँग कुनै प्रकारको छलफल र जानकारीसमेत नगरी मेयरले आफ्नो मनोमानीरुपमा प्रक्रिया विपरित गैरजिम्मवार ढंगले नगरसभा गरिरहेको उनीहरुको आरोप छ।
उनीहरुले स्थानिय सरकार सञ्चालन ऐन २०७४ र गाँउ/नगर/जिल्ला सभा सञ्चालन गर्न व्यवस्था गरेको ऐन २०७७ समेतको विपरित गणपुरक संख्या समेत नपुग्ने गरी हुन गइरहेको नगरसभा गैरकानुनी भएकोले तत्काल स्थगित गरी गत आर्थिक वर्षको आयव्यय सार्वजनिक तथा आगामी आर्थिक वर्षको निती तथा कार्यक्रमको बारेमा विषयगत समिति तथा कार्यपालिका सदस्यहरुसँग छलफल गरी नगर सभा गर्न मेयरलाई अपिलसमेत गरेका छन् ।
नगरसभा स्थगित नगरे बहुमत सदस्यहरुले नगरसभालाई बहिष्कार गरेका छन् ।
उपमेयर संगिता कुमारी रामको नेतृत्वमा वडा नम्बर-२ देखि ७ सम्मका वडाध्यक्ष र कार्यपालिका सदस्य तथा वडा सदस्यहरु विरोधमा उत्रिन् ।

## गौशाला नगरपालिकाकी उपमेयर विरुद्ध कर्मचारी







**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोमाथि ज्यानमार्नेसम्मको आरोप लगाइएकी उप-मेयर रेणु देवी महतो विरुद्ध कर्मचारीहरु उत्रेका छन् ।
उपमेयर रेणु देवी महतोले कर्मचारीलाई धम्कीपूर्ण शैलीमा वार्तालाप गरेको आरोप लगाउँदै कामकाज गर्न सहजिकरण गराई दिन भन्दै प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापनपत्र बुझाएका छन् ।
गौशाला नगरपालिकाकी उप-मेयर रेणु महतोले नगरपालिकाका कर्मचारीहरुलाई धम्कीपूर्ण शैलीमा वार्तालाप गरेको भन्दै, कामकाज गर्न सहजिकरण गराई दिन भन्दै कर्मचारीहरुले महोत्तरीका प्रमुख जिल्ला अधिकारी दिपक कुमार पहाडीलाई ज्ञापनपत्र बुझाएका हुन् ।
नगरपालिकाकी उपमेयरबाट कर्मचारीलाई अनावश्यक दबाव दिएको, निजले कर्मचारीलाई पालैपालो आफ्नो कार्यकक्षमा बोलाई कार्यालय बाहेकको व्यक्ति (आफ्नो नातेदार) सँग कार्यालयको नितान्त आन्तरिक कुराहरु गर्न लगाई कार्यालयको आन्तरिक प्रशासणको वातावरण भङ्ग गर्ने, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा उपाध्यक्ष वा उपमेयरको अधिकार क्षेत्र सम्बन्धि स्पष्ट व्यवस्था हुँदाहुँदै पनि निजले आफ्नो अधिकार क्षेत्र बाहिर गएर कर्मचारीहरुलाई स्पष्टिकरण सोधेको, कर्मचारीलाई धम्कीपूर्ण शैलीमा वार्तालाप गरेकोले कर्मचारीलाई काम गर्ने वातावरण नभई मानस तनाव दिएकोले कामकाज गर्न सहजीकरण गरि शान्ति सुरक्षाको समेत व्यवस्था मिलाई दिनु हुन ज्ञापनपत्रमा जनाएको छ ।
कर्मचारीहरुले शान्ति सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई पत्रचार समेत गरेको र उत्पन्न हुन सक्ने समस्या समाधान गर्नका लागि छलफल भई रहेको महोत्तरीका प्रमुख पहाडीले बताए ।

## रौतहटको स्थानीय तहद्वारा बजेट सार्वजनिक









**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा विभिन्न स्थानीय तहले करोडौं रुपैयाँको बजेट सार्वजनिक गरेको छ।
जिल्लाको गौर नगरपालिका, चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, मौलापुर नगरपालिकालगायत विभिन्न पालिकाले नीति तथा कार्यक्रम एवं बजेट सार्वजनिक गरेको हो ।
जसमध्ये रौतहट गौर नगरपालिकाको १२ औं नगरसभाबाट अगामी आर्थिक वर्षका लागि ६८ करोड ३६ लाख रुपैयाँ बजेट सार्वजनिक गरेको छ।
त्यस्तै चन्द्रपुर नगरपालिकाको १ अर्ब १९ करोड ८ लाख ८४ हजार ७ सय ५० रुपैयाँ को बजेट सार्वजनिक गरिएको छ।
गरुडा नगरपालिकाको ९औं नगरसाभाबाट ५५ करोड १६ लाख ३० हजार रुपैयाँ बजेट र मौलापुर नगरपालिकाको सातौं बजेट अधिवेशनबाट ३६ करोड १० लाख २२ हजार २०० रुपैयाँ सार्वजनिक गरिएको छ।
यता गरुडा नगरपालिकाका उपप्रमुख पुनम कुमारी चौधरीको आक्रोश, ३२ जना सदस्यले भने नगरसभा नै बहिस्कार गरेको जनाएको छ।
गरुडा नगरपालिकामा भएको नगरसभामा प्रदेश सांसद अबुल कलाम आजाद, मेयर कान्थ मणि जैसवाल, प्रमुख प्रशासकिय अधिकृत हेमलाल फुयाँललगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।
त्यस्तै गौर नगरको बिकास र जनताको सेबामा पुर्याउनु भएको अतुलनीय योगदानको कदर स्वरुप पुर्व प्रधानमन्त्री प्रमुख अतिथी माधव नेपाल, मेयर शम्भु साह, सम्मानित हुनु भएका प्रमुख प्रशासकिय अधिकृत सुवास ठाकुर ६८ करोड ३६ लाख रुपैयाँको सार्वजनिक गरिएको हो।
त्यस्तै चन्द्रपुर नगरपालिकाको १ अर्ब १९ करोड ८ लाख ८४ हजार ७ सय ५० रुपैयाँको बजेट आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तुत गर्दै आजको नगरसभाको बैठक समापन भयो। मेयर सञ्जय कुमार काफ्ले, प्रमुख प्रशासीय अधिक्रित किरण निधि तिवारीलगायतकाको उपस्थिती रहेको थियो।
त्यस्तै मौलापुर नगरपालिकाको सातौं नीति तथा बजेट एवं नगरसभामा पूर्वमन्त्री प्रभु साह, समिना हुसेन, मेयर रिना कुमारी साह, जिल्ला समन्वय समितिका सभापति रामअज्योध्या यादव, कटहरिया नगरपालिकाको पुर्व मेयर सियारा कुशवाहालायतका सहभागीतामा भव्यताका साथ सम्पन्न भएको छ।

## छोरीलाई अध्ययनका लागि प्रोत्साहन



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको चन्द्रनगर गाउँपालिकाका छोरीहरुलाई अध्ययनका लागि प्रोत्साहित गरिएको छ ।
चन्द्रनगर गाउँपालिकाको आयोजनामा चन्द्रनगरमा बाल विवाह अन्त्य तथा उच्च शिक्षामा छोरीको पहुँच पुर्याउन ७५ छोरीहरुलाई प्रोत्साहन अनुदान हस्तान्तरण गरिएको हो ।
कक्षा १२ पास गरी स्नातक तहमा अध्ययनरत चन्द्रनगर गाउँपालिकाकी छोरीहरुलाई जनही ११ हजारको दरले गाउँपालिका अध्यक्ष राजकुमार महतोले प्रोत्साहन अनुदान रकम हस्तान्तरण गरेको गाउँपालिकाले जनाएको छ ।
नाढीमन ताल परिसरमा गरिएको कार्यक्रममा मधेश प्रदेश सरकारका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवको प्रमुख आतिथ्यता रहेको थियो ।
चन्द्रनगर गाउँपालिकाको विषेश पहलको रुपमा रहेको बाल विवाहको अन्त्य र उच्च शिक्षामा छोरीको पहुँच वृद्धि अभियान अनुरुप छोरीलाई सक्षम बनाउने यो कार्यक्रमको मुख्य उदेश्य रहेको गाउँपालिका अध्यक्ष महतोले बताए ।

## उपराष्ट्रपति पद आवश्यक छैनः सांसद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले उपराष्ट्रपति पद आवश्यक नभएको बताएका छन् ।
आइतबार प्रतिनिधि सभा बैठकमा बोल्दै सांसद झाले देशमा उपराष्ट्रपति पद आवश्यक नभएको बताएका हुन् ।
हालसम्म उपराष्ट्रपतिको पदले सम्झनलायक कुनै पनि काम गर्न नसकेको भन्दै उनले यसको औचित्य माथि नै प्रश्न उठाए ।
उपराष्ट्रपतिले गर्ने काम राष्ट्रिय सभा अध्यक्षले नै गर्न सक्ने व्यवस्था गर्नुपर्ने उनको भनाइ छ ।
'उपराष्ट्रपतिको पद संवैधानिक अभ्यास गरेपश्चात आजसम्म ५ हजार ११५ दिन भएको रहेछ । ४ वटा कार्यकाल, तीनवटा अनुहार । त्यो हेर्दैगर्दाखेरी सम्झिन लायकको कुराहरू के छ त ?' उनले भने, 'हामीले सोच्नुपर्छ । यो पद आवश्यक छैन । र राष्ट्रिय सभाको अध्यक्षले नै यसको काम गर्नसक्छन् ।'

## ब्राउन सुगरसहित यूवक पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा एक जना ब्राउन सुगरसहित पक्राउ परेका छन् ।
जिल्लाको चन्द्रपुर नगरपालिका वडा नम्बर ४ मा ३० वर्षिय विवेक गुरौलाई प्रहरीले ब्राउन सुगरसहित पक्राउ गरेको हो ।
गस्तीमा रहेको प्रहरी टोलीले सवारी साधन तथा मानिस चेकजाँच गर्ने क्रममा ना ५८ प ४२४६ नम्वरको स्पेलेण्डर मोटरसाईकल सहित आरोपित गुरौलाई नियन्त्रणमा लिई निजको जिउ शरिर तलासी गर्दा निजको साथबाट अवैध लागुऔषध चार सय ६० ग्राम ब्राउन सुगरसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
आरोपित गुरौलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि रौतहट जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## करेन्ट लागेर एक बालकको मृत्यु



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा एक बालकलाई करेन्ट लागेर मृत्यु भएको छ ।
जिल्लाको गोडैता नगरपालिका वडा नम्बर २ भटौलियामा करेन्ट लागेर बालकको मृत्यु सर्लाही प्रहरीले जनाएको छ ।
मृत्यु हुनेमा गोडैता नगरपालिका वडा नम्बर २ स्थित भटौलियाका देवनारायण कुशवाहाका १० वर्षीय छोरा आदित कुशवाहा रहेको सर्लाही प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक दिपेन्द्र पंजियारले जानकारी दिए ।

यदि सफलतम जीवन जिउनु छ भने, हामीले असफलताको भय त्याग्नु पर्दछ।

## सम्पादकीय

# 'योग' को महत्व र बढ्दो आकर्षण

'योग' शब्द भन्ने वित्तिकै मनमा एक किसिमको शान्ति जस्तो महसुस हुन्छ। शारीरिक रूपमा स्वस्थ, मानसिक तवरले शान्त र अध्यात्मिक रूपमा उच्च चेतनायुक्त भएर जिउने कला नै 'योग' हो। सामान्यतया, आत्माको परमात्मासँगको जोड नै 'योग' हो। साथै, यो एक किसिमको अनुभूति र रूपान्तरण हो। परापूर्वकालमा योगलाई अदृश्य शक्तिसँग जोडिने माध्यमका रूपमा लिइन्थ्यो। तर, समयक्रमसँगै योगको महत्व पनि परिवर्तन हुँदै आएको छ।

अन्तर्राष्ट्रिय 'योग' दिवस वीरगंजमा खासै धुमधामका साथ मनाएको नपाएपनि यसप्रतिको आकर्षण भने बढ्दो छ। नयाँ पुस्ताका युवा युवती होस् अथवा वृद्धवृद्धा होस्, विहान व्यायाम गर्ने जो कोहीले पनि एकछिनकै लागि भएपछि 'योग' गरि नै हाल्छन्। अन्तर्राष्ट्रिय योग दिवसलाई वीरगंजमा भव्य रुपमा मनाइएको देख्न पाइएन। वीरगंज स्थित महावाणिज्य दुतावासको आयोजनामा शंकराचार्य गेट नजिकै योग शिविरको आयोजना गरिएको थियो। त्यस बाहेक छिटफुट रुपमा संघ सँस्थाहरुले दिवसलाई मनाए। दिवस मनाउनु भन्दा पनि यसप्रतिको आकर्षण दिनप्रतिदिन बढ्दै गएको देखिन्छ। शिविरमा खासै व्यक्तिहरुको उपस्थिति नदेखिपनि एका विहानै वीरगंजको नारायणी रङ्गशाला, आदर्शनगर रङ्गशाला, नगवा पोखरी, घडिअर्वा पोखरी लगायतका सार्वजनिक स्थानमा सर्वसाधारणहरु 'योग' गरि रहेको देख्न सकिन्छ। यो सकारात्मक पक्ष हो। आखिर 'योग' के हो ? यसको कति महत्व छ ? र यसले मानिसको जीवनमा कतिको परिवर्तन ल्याउन सक्छ भन्ने सबैलाई जानकारी गराउन आवश्यक छ।

शारीरिक अभ्यासका अन्य विधि खर्चिला हुन्छन्। सहयोगी, साधन, ठूलो स्थान आदिको आवश्यकता पर्दछ। 'योग' भने खर्चबिना नै गर्न सकिन्छ। न त सहयोगी चाहिन्छ, न ठूलो ठाउँ, न उपकारण। 'योग' अभ्यासका विधिबारे राम्रो जानकारी राख्यो भने एक्लैले गर्न कुनै कठिनाइ हुँदैन। अन्य अभ्यास तथा कसरतले शरीरको बाहिरी भाग र मांशपेसीलाई मात्र धेरै प्रभाव पार्छ भने योगले सम्पूर्ण अंग-प्रत्यङ्ग तथा कोषलाई समेत प्राणवान् र स्वस्थ बनाउँछ। 'योग' मात्र यस्तो अभ्यास हो, जसका हरेक अभ्यासमा स्वासप्रस्वासको गहिरो प्रभाव र प्रयोग हुन्छ। जसबाट प्रयाप्त अक्सिजन ग्रहण गर्ने क्षमताको विकास हन्छ। योगमा रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने तथा विजातीय द्रव्यलाई निष्कासन गरी शरीरलाई रोगमुक्त बनाउने प्रक्रिया हुन्छ तर अरू अभ्यासमा त्यो पाइँदैन। योगमा मात्र शरीरलाई खुम्च्याउने, तन्काउने र सिथिल गर्ने अभ्यास छ। जसबाट अत्यन्त कम शक्ति खर्चिएर शारीरिक तथा मानसिक लाभ प्राप्त गर्न सकिन्छ। कमजोर व्यक्तिले पनि योगको फाइदा लिन सक्छन्।

जति 'रिढ' लचिलो हन्छ त्यति नै शरीर स्वस्थ रहन्छ। यौवन, युवापन र शरीरमा स्फुर्ती आउँछ। 'रिढ'को लचकता बढाउने राम्रो अभ्यास योगमा छ। योगाभ्यासले सम्पूर्ण नशा-नाडी तथा रक्तनली शुद्ध गर्छ। अरू शारीरिक व्यायाममा यस्तो पाइँदैन। योगले अहिंसा, शान्ति, चरित्र निर्माण, नैतिक शिक्षा, मनको निग्रह, बुद्धि विकास, सत्गुण विकास तथा समग्र जिउने तरिका सिकाउँछ। शरीरमा हर्मोन्स तथा इन्जाइमको सन्तुलन मिलाउन र शरीरलाई सक्रिय एवं ऊर्जावान् बनाउन योगले ठूलो भूमिका खेल्छ। शारीरिक, मानसिक, बौद्धिक तथा आत्मिक विकासका लागि योग सर्वोत्तम पद्धति हो, यसको दाँजोमा अन्य कुनै पनि शारीरिक व्यायाम आउनै सक्दैनन्। स्वस्थ्य रहनका लागि शारीरिक व्यायामका अन्य उपायभन्दा योग कैयौं गुणा फाइदाजनक रहेको अभ्यास र अनुसन्धानले नै देखाएको हो। यसै कारण नै योगप्रति नयाँपुस्तादेखि पुराना पुस्ताहरुको आकर्षण बढ्दै गएको छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# राष्ट्रिय राजधानीलाई अराजक हुनवाट जोगाऔं

**बालेन, रवी लामिछाने, सि.के.राउत प्रवृतिका अनुहारहरु नेपालको राजनीतिमा किन आएका छन् ? शासन प्रणालीको विरोधमा कि व्यक्तिको विरोधमा ? समस्याको समाधान कहाँवाट गर्न खोजेका छन्, संविधान भित्र रहेर कि संविधान भन्दा बाहिरबाट ? यदि जननिर्वाचित संविधान सभाको तीन चौथाई बहुमतवाट बनेको संविधान माथि उनीहरुलाई विश्वास छैन, भन्ने उनीहरुको परिकल्पना माथि जनताले किन पत्यार गर्ने ? बालेन प्रवृतिका जन प्रतिनिधिहरु आफुलाई जनताको आवाज भन्ने गर्दछन् ? जुन जनताले उनलाई मेयरमा अथवा सांसदमा जिताएका छन् तिनै जनताले वडा सदस्य, वडा अध्यक्ष, उपप्रमुख, प्रादेसिक सांसद र संघीय सांसदलाई पनि जिताएका छन् ?**



● श्रीमन नारायण

संघीय लोकतान्त्रिक गणतन्त्रलाई विश्वको सर्वोत्तम शासन व्यवस्था मानिन्छ। अहिले सम्म प्रयोगमा आएका शासन व्यवस्थाहरु मध्ये यस भन्दा राम्रो व्यवस्था अर्को कुनै शासन देखिएको छैन। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका आ-आफनो जिम्मेवारीको काम स्वतन्त्र रुपमा सम्पादन गर्ने गर्दछ। लोकतान्त्रिक शासन प्रणाली भएका कारण प्रत्येक ५ वर्षमा जनताको मतरुपी विश्वास र समर्थन प्राप्त गरेर विजयी व्यक्ति संविधान र कानूनको परिधि भित्र रहेर आफनो पदीय दायित्वको निर्वाह गर्ने गर्दछन्। न्यायालयमाथि सबैको विश्वास हुन्छ, विश्वास हुनु पनि पर्छ। तर देशको राष्ट्रिय राजधानी काठमाण्डौंका मेयर बालेन्द्र साहले आफु अदालतले निर्णय नमान्ने घोषणा गरेका छन्। ईमान्दार हुनु देशभक्त हुनु, समयनिष्ठ हुनु र कर्तव्य परायण हुनु राम्रो कुरा हो तर उपरोक्त गुणहरु केवल आफु भित्र मात्रै छ, आफुले सोचेको, बोलेको गरेको सबै राम्रो अरुहरु गलत मात्रै छन् भने मानसिकता संकिर्ण दृष्टिकोण त हो नै, यसलाई अहंकारको पराकाष्ठा पनि भन्न सकिन्छ। नेताले सुन्न चाहेका बोली, भाषा र हाउभाउमा बोल्ने चाटुकार तथा सल्लाहकारहरु नेतालाई थप अहंकारी बनाउने गर्दछ।



जननेतामा अहंकारको मात्रा एउटा सीमा भन्दा बाहिर हुन पुग्दा अराजकता निम्तिन्छ। एउटा भीड त्यो पनि अराजक भएपछि न्याय-अन्याय छुटयाउन सक्ने अवस्थामा रहेको हुँदैन। काठमाण्डौंका मेयरले गरिरहेका उग्र राष्ट्रवादको प्रदर्शनले स्वयं उनलाई नै हानी पुऱ्याउने छ।

सीता भारतकी छोरी थिईन भन्ने हुँदै नभएको संवादका कारण सिनेमालाई प्रतिबन्ध लगाएका साहले अदालतको आदेश नमान्ने प्रतिक्रिया दिनु संविधान विपरीतको कार्य रहेको ठम्याई देशका कानून विदहरुको पनि रहेको छ। वि.सं.२०५७ सालमा यस्तै आधारहीन कुराका लागि अघि सारी काठमाण्डौंमा नेपाल सदभावना पार्टीको कार्यालयमा आगलगी र तोडफोड हुनुका साथै कतिपय अप्रिय घटना भएका थिए। काठमाण्डौं घटनाको विरोधमा तराई मधेशमा भएको जातिय द्धन्द्धका कराण सैकडौं तराई बासी नेपालीले आफनो घर जग्गालाई कौडीको भाउमा विक्री गरी बसाई सर्नु परेको थियो। एउटा कलाकार लेखकको अभिनय अथवा टिप्पणीलाई शास्वत सत्य मानेर सडक मै ओर्ली हाल्नु पर्ने अवस्थालाई निम्त्याउनु दुर्भाग्यपूर्ण हो। एउटी विवाहिता केटीको विहे पश्चात त तिनको थर र गोत्र फेरिन्छ। यदि विदेशमा विवाह भएको रहेको छ भने राष्ट्रियता पनि फेरिन्छ। भारतवाट आएर नेपालकी बुहारी भएकी अथवा नेपाली चेलीबेटी भारतको बुहारी भएपछि तिनको सबै पहिचान ससुरापक्षको हुन जान्छ। राजा ज्ञानेन्द्र र नेपालका पूर्व प्रधानमन्त्रीहरुले पनि अदालतको आदेश मान्दैन भनेका थिएनन। तर बालेन त आफुलाई देश भन्दा नै माथिका मानिरहेका छन।

काठमाण्डौंका जनमानस जे सुन्न र हेर्न चाहन्छन्, बालेन पनि एउटा कुशल व्यापारी जस्तो त्यही कुरा बोल्न मन पराउँछन्। सीता माता जनकपुरका राजा जनककी सुपुत्री थिईन। यो त विश्व व्यापी मान्यता हो। कसैले केही लेख्दै अथवा बोल्दैमा परिवर्तन हुने होईन। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, त्यसभन्दा त्यहाँका भुतपूर्व प्रधानमन्त्री चन्द्रशेखर र भुतपूर्व राष्ट्रपति एम.बेंकटरमणले जनकपुरमै आएर सीता माताको बारेमा बोलेका कुरा पत्यार नगर्ने तर एउटा चलभित्रको सम्वादलाई त्यो पनि प्रष्ट छैन आधार बनाएर राष्ट्रिय राजधानी काठमाण्डौंमा अराजकता निम्त्याउन खोज्नुलाई जायज कसरी मान्न सकिन्छ ? जुन संविधानले गरेको चुनावी प्रकृयावाट विजयी भएर बालेन नगर प्रमुखका विपयी भए, त्यही संविधानले गरेको व्यवस्थावाट स्थापित अदालतले गरेको निर्णय मान्दैन भन्नु संविधानको उल्लंघन हो।

अदालतको निर्णय आफु अनुकुल नआए त्यसलाई नमान्ने हठ त निन्दनीय विषय हो। अदालतलाई आफनो धाक, धम्की एवं भय र त्रास अनुसार निर्णय गराउने वातावरण सृजना गर्न खोज्नु दुर्भाग्यपूर्ण हो। सही र गलतको फैसला सडकको भीडले गर्न थाले पछि देश राणाकालीन युगमा पुगेका मान्नु पर्दछ। अदालतले गरेको फैसला बालेनको निम्ति स्वीकार्य हुनेखालको अनिवार्यताको पक्षमा राजधानीका पढेलेखेका विद्धत वर्ग र कानूनका जानकारहरु पनि रहेका छन्। अब बालेन नै देश भरीका अदालतको मुद्दाको फैसला गर्नुपर्छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका पनि बालेनकै मुठीमा रहनुपर्छ। लोकतन्त्रमा हिटलरशाहीको परिणाम सबैको निम्ति घातक साविक हुने गर्दछ।

बालेन, रवी लामिछाने, सि.के.राउत प्रवृतिका अनुहारहरु नेपालको राजनीतिमा किन आएका छन् ? शासन प्रणालीको विरोधमा कि व्यक्तिको विरोधमा ? समस्याको समाधान कहाँवाट गर्न खोजेका छन्, संविधान भित्र रहेर कि संविधान भन्दा बाहिरबाट ? यदि जननिर्वाचित संविधान सभाको तीन चौथाई बहुमतवाट बनेको संविधान माथि उनीहरुलाई विश्वास छैन, भन्ने उनीहरुको परिकल्पना माथि जनताले किन पत्यार गर्ने ? बालेन प्रवृतिका जन प्रतिनिधिहरु आफुलाई जनताको आवाज भन्ने गर्दछन् ? जुन जनताले उनलाई मेयरमा अथवा सांसदमा जिताएका छन् तिनै जनताले वडा सदस्य, वडा अध्यक्ष, उपप्रमुख, प्रादेसिक सांसद र संघीय सांसदलाई पनि जिताएका छन् ? जनताको आवाजको वैधानिकताको मापदण्ड के हो ? सिस्टम र इन्डिभिजुअल वीच ठुलो अन्तर हुने गर्दछ। कुनै इनडिभिजुअलले आफुलाई सिस्टम भन्दा माथि ठान्ने काम गर्दछन् भने त्यहाँ अराजकता निम्तिनु स्वभाविकै हो। एउटा इनडिभिजुअल ठीक र सिस्टम खराब कसरी हुन सक्दछ ?

सारा राजनीतिकर्मी खराब छन, शासन प्रणाली पनि खराब छ भन्ने तपाईहरुले अघि सार्नु भएको बैकल्पिक शासन प्रणाली खोई ? आर्थिक र सामाजिक नीति खोई। अरु सबै खराब छन्, सबैमा दोष हेर्ने तर समाधान केही नदिने हो भन्ने, मिथ्या प्रलाप गर्नुको कुनै अर्थ छैन। जनप्रतिनिधि र पत्रकारवीच फरक हुने गर्दछ। पत्रकारको सूचीमा समस्या हुन्छ, प्रश्न सोध्ने गर्दछन् तर समाधान होईन ? रवी लामिछाने, सि.के.राउत र बालेन साहहरु पनि केवल समस्या मात्र गिनाउँछन्, समाधान, देखाउँदैनन। देशमा भ्रष्टाचार छ, भन्ने कुरा सबैलाई थाहा छ। संविधान माथि विश्वास छैन भने के सडकवाट समस्याको समाधान गर्ने ? सांसदहरु खराब छन् भन्ने सडक भीडवाट नयाँ प्रतिनिधि रोज्ने ? जनताको समर्थन कुनै एक व्यक्तिलाई मात्रै छ, भन्ने कसरी मान्ने ?

काठमाण्डौंका मेयरले आफनो कार्यालयका ग्रेटर नेपालको नक्सा झुण्डाएका छन्, देशको आधिकारीक नक्सा माथि उहाँलाई विश्वास छैन। भोली राष्ट्रपतिको ठाउँमा राजा ज्ञानेन्द्रको नक्सा पनि कार्यालयमा झुण्डाउन सक्दछ। प्रत्येक नगरप्रमुखहरुले आफना पार्टीका पूर्व प्रधानमन्त्रीको फोटो कार्यालयमा झुण्डयाउन थाले भन्ने परिणाम के हुन्छ ? ग्रेटर नेपालको नक्सा एउटा मिठो सपना हो जुन कहिल्यै पुरा हुने छैन। चुच्चे नक्सा निकालेको ५ वर्ष भई सक्दा त्यसमाथि चर्चा गर्ने आँट कसैले गरेको छैन। ग्रेटर नेपालको भुभाग हासिल कसरी गर्ने ? वार्तावाट, युद्धवाट अन्तर्राष्ट्रिय अदालतवाट कि जनमत संग्रह मार्फत ? पहिलो प्रस्ताव भारतले मान्ने प्रश्न नै उठदैन। दोश्रो तरिका असम्भव छ। तेस्रो बाटो रोजेमा परिणाम पनि सार्थक आउने छैन उल्टै भारतसितको सम्बन्ध अनन्तकाल सम्मको निम्ति बिग्रिने डर छ। २ लाख आफनो नागरिकलाई नागरिकता दिदा त फिजी बन्ने डरले सताएको छ भोली जनमत संग्रहमा बहुमतको निर्णय मान्ने कि नमान्ने ? ग्रेटर नेपालको भुभागमा रहेका ६० प्रतिशत जनसंख्या अहिले भारतमा छ। के त्यसको परिणाम हामीलाई स्वीकार्य होला ?न्यायको धुनको गाना बनाउनु र नृत्य गर्नु बेग्लै कुरा हो तर सीमानाको विषय र आर्थिक एवं सांस्कृतिक सम्बन्धको विषय हलुको फुल्को र अर्थहीन संगित होईन। जसरी ऱ्याप संगतिको कुनै अर्थ हुँदैन त्यसरी नै बालेन प्रवृतिका नेताको राजनीतिको पनि कुनै अर्थ हुँदैन। काठमाण्डौंमा सरसफाई, अवैध नक्सामा र सार्वजनिक जग्गामा बनेको घर टहरा भत्काएर उनले प्रशंसनीय काम गरेका छन्। उनको इमान्दारिता माथि प्रश्न उठेको छैन। थप ४ वर्ष काठमाण्डौं महानगरपालिकाकै काममा उनले आफुलाई केन्द्रित गरे राम्रो हुनेछ। एउटै खुट्टाले आकाश, पाताल र पृथ्वी माप्ने भगवान विष्णुको वावन रुप धारण गर्नु ठीक होईन। उनी बालेन हुन् भगवान विष्णुको बावन अवतार होईनन्। अराजकता निम्ताउने काम उनले बन्द गर्नुपर्छ।

# भरतपुरलाई 'हरियाली सहर' बनाइने

**रासस**
**चितवन।**
भरतपुर महानगरपालिकालाई हरियाली र स्वच्छ सहर बनाइने भएको छ। महानगरपालिकाको सम्पन्न १३ औँ नगरसभामा नगर प्रमुख रेनु दाहालले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै 'हाम्रो सहर, हरियाली तथा स्वच्छ सहर' अवधारणालाई अघि बढाइने बताएकी छिन्।




नीति तथा कार्यक्रममा सडक, मिडियन गार्डेन, सडक आइल्यान्ड, पार्क, मनोरञ्जनस्थल र खाली स्थान एवं चोकमा हरियाली वातावरण सिर्जना गरी मनमोहक तथा वातावरण मैत्री महानगर बनाउन एक परियोजनाका रुपमा हरियाली प्रवर्द्धन कार्यक्रमको थालनी गरिने उल्लेख छ।
केन्द्रीय बस टर्मिनलदेखि आँपटारीसम्मको बाइपास रोडलाई हरित नमुना सडकका रुपमा विकास गरिने कार्यक्रममा उल्लेख छ। गोन्द्राङ-पुल्चोक सडकको दायाँबायाँ किनारमा हरियाली प्रवर्द्धन गर्न ठूला हुर्किएका रुख रोपण र संरक्षण गरिने जनाइएको छ। 'एक घर दुई रुख'को नीति कडाइका साथ कार्यान्वयन गरिने कार्यक्रममा उल्लेख गरिएको छ।

घर नक्साको निर्माण सम्पन्न लिन अनिवार्यरुपमा रुख रोपी संरक्षण गरेको प्रतिवेदन संलग्न गर्नुपर्ने नीति महानगरले ल्याएको छ। 'एक वडा एक पार्क' निर्माणको नीतिलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । 'वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि सबै सँगसँगै'को सामूहिक भावनाका साथ व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत स्वच्छ वातावरण र हरियाली प्रवर्द्धन गर्न निजी क्षेत्र तथा व्यावसायिक सङ्घ संस्थासँग समन्वय र सहकार्य गरिने कार्यक्रममा उल्लेख छ।

वातावरणीय सन्तुलन कायम गर्न टेवा पुर्‍याउने गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई निःशुल्करूपमा बिरुवा वितरण गरी वृक्षरोपण र संरक्षणको व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा भनिएको छ। महानगरको समृद्धि र विकासका लागि सडक पूर्वाधारलाई प्राथमिकता दिँदै सामाजिक तथा आर्थिक विकासलाई पनि सँगसँगै अगाडि बढाउन कृषि, वातावरण तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, दलित, सिमान्तकृत, लोपोन्मुखलगायतका क्षेत्रको सन्तुलित र दिगो विकासको अवधारणालाई आत्मसात् गरिएको नीति तथा कार्यक्रममा उल्लेख छ। फोहरमैला व्यवस्थापन निजी क्षेत्रको सहकार्यमा गर्न अन्तिम चरणमा पुगेको कार्यक्रममा उल्लेख छ।

महानगरलाई सुन्दर र व्यवस्थित बसोबासयुक्त बनाउन मापदण्डविपरीत निर्मित संरचना हटाउने कार्य अगाडि बढाइएको महानगर प्रमुख दाहालले बताइन्। कृषिमा यन्त्रीकीकरण, दूधमा प्रतिलिटर तीन रुपैयाँ अनुदान र छात्रासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइएको छ। सन् २०२४ मा दुई लाख पर्यटक भित्र्याउने गरी भरतपुर भ्रमण वर्ष मनाउने योजनाअनुरुप सूचना प्रविधिसँग जोड्न महानगरपालिकाभित्रका ३० वटै पर्यटकीय गन्तव्यको सम्पूर्ण जानकारी अङ्ग्रेजी र नेपाली भाषामा दिइने गरी मोबाइल एपको निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

'व्यवस्थित पूर्वाधार, समृद्धिको आधार'को अवधारणाबमोजिम महानगरपालिकालाई समृद्ध, स्वच्छ, सफा, हरियालीयुक्त र सुरक्षित महानगरका रुपमा विकास गर्न एकीकृत सहरी विकास गुरुयोजना तयार गरी व्यवस्थित, सन्तुलित र दिगो सहरी पूर्वाधार निर्माणमा प्राथमिकता दिइएको छ। सहरी क्षेत्रमा सडक कालोपत्रसँगै प्रशोधनसहितको ढल निकासका लागि खानेपानी तथा ढल व्यवस्थापनसम्बन्धी मेगा आयोजना सञ्चालनमा ल्याइने भएको छ। 'उज्यालो भरतपुर' कार्यक्रमअन्तर्गत नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य सडक तथा बजार क्षेत्रमा स्मार्ट सडक बत्ती, हाई मास्ट एवं मिनी मास्ट बत्ती जडान र विस्तारको कार्यलाई निरन्तरता दिइनेछ।

'हरित ऊर्जाको खपत, पेट्रोलियम पदार्थको बचत' गर्ने नीतिअनुरुप विद्युतीय सवारीसाधन प्रयोग गर्न प्रोत्साहित गरिने नीति तथा कार्यक्रममा समेटिएको छ। केरूङ्गा घोल, पुङ्गी खोलालगायतका खोलालाई महानगरको सतहको आकाशे पानी निकासको क्षेत्र घोषणा गरी संरक्षण तथा सौन्दर्यीकरण गरिने जनाइएको छ। यससँगै अतिक्रमित संरचना हटाइने उल्लेख छ। नारायणी नदी किनारमा निर्माणाधीन 'सी बीच मोडेल'सहितको मनोरञ्जन पार्कलाई व्यवस्थित गर्न र थप निर्माण कार्यलाई सम्पन्न गर्न गुरुयोजनाबमोजिम सङ्घ एवं प्रदेश सरकारसँगको साझेदारीलाई निरन्तरता दिइने उनले बताइन्।

महानगरको शिक्षा क्षेत्रमा आवश्यक सुधारका लागि योजनाबद्धरुपमा कार्यक्रम अगाडि बढाउने उद्देश्यले सरोकारवालाको सहभागितामा तयार पारिएको शिक्षाको १० वर्षे रणनीति कार्यान्वयनमा ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ।
विद्यार्थीसँग मेयर कार्यक्रम सञ्चालन गरिने भएको छ। शिक्षालाई व्यावहारिक जीवनसँग जोड्न सबै विद्यार्थीलाई नियमित पठनपाठनका अतिरिक्त हरेक शुक्रबार रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी गराउन 'मौलिक र व्यावहारिक शुक्रबार' अभियान कार्यान्वयनमा ल्याइने भएको छ। उक्त दिन पाठ्यपुस्तकरहित सिकाइका क्रियाकलाप गरिनेछ।

समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम सुरुआत गरी लक्षित वर्ग, असहाय, अतिविपन्न, ज्येष्ठ नागरिक, सिमान्तकृत, अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताअनुसार समुदायका घर तथा टोलमा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य सेवा प्रदान गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। असहाय र विपन्न परिवारको पहिचान गरी महानगरपालिकाले नै स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा उल्लेख छ। छोरीसँग मेयर कार्यक्रमअन्तर्गत महानगरभित्र स्थायी बसोबास गरी सरकारी स्वास्थ्य संस्थामा जन्म हुने छोरीका लागि छोरी बीमा कार्यक्रमलाई निरन्तरता दिइएको छ।

भरतपुर भ्रमण वर्ष २०२४ लाई लक्षित गरी सहकारी मोडलमा नमुना होमस्टे सञ्चालनमार्फत पर्या-पर्यटन प्रवर्द्धन गरिनेछ। महानगरले अनलाइन सेवा प्रदान गरिरहेका राजस्व प्रणाली, भुक्तानी प्रणाली, नक्सा प्रणाली, गुनासो व्यवस्थापन, पञ्जीकरण, खरिद प्रणाली एवं डिजिटल योजना प्रणालीलगायत सार्वजनिक सेवा प्रवाहसम्बन्धी प्रणालीलाई सेवाग्राही मैत्री तथा प्रविधिमैत्री बनाउने नीति अङ्गीकार गर्दै थप स्तरोन्नति गरिने भएको छ। रोजगारी सिर्जना गर्न उद्योगलाई प्रवर्द्धन गर्ने महानगरको नीति तथा कार्यक्रममा जनाइएको छ।

# परियोजनाका कर्माचारी १० महिनादेखि तलब पाएनन्




**रासस**
**सर्लाही।**
सागरनाथ वन विकास परियोजनाका एक सय ४६ कर्माचारीले विगत १० महिनादेखि तलब पाएका छैनन्। वन पैदावार विकास समितिअन्तर्गत रहेको सो परियोजनाका स्थायी ३६, करार १० र दैनिक ज्यालादारीका विगत करिब १० महिनादेखि तलब नपाएको परियोजनाका निमित्त प्रमुख शिवेन्द्र चौधरीले जानकारी दिए।
उनका अनुसार वन पैदावर विकास समितिका कार्यकारी अध्यक्ष दीपा दाहाल (शिवाकोटी)को दुईवर्षे कार्यकाल समाप्त भएपछि समिति हाल नेतृत्वविहीन हुँदा परियोजनाका कर्माचारीले तलब खान नपाएका हुन्। समितिका अध्यक्ष दाहाल आफ्नो कार्यकाल पूरा गरी गत जेठ ५ गते नै कार्यालयबाट बिदा भइसक्नुभएको छ भने समिति हाल नेतृत्वविहीन छ। समितिले तत्कालका लागि कामचलाउ प्रमुखका रूपमा कुनै सहसचिवलाई पठाइदिन मन्त्रालयमा पत्राचार गरिसकेको जनाइएको छ।
आफ्नो आम्दानीको स्रोतका रूपमा रहेको काठ, दाउरा बिक्री गर्न नसकेपछि गत भदौदेखि आफ्ना कर्मचारीलाई तलब खुवाउन गर्न नसकेको परियोजनाले जनाएको छ। गत असार १६ मा जारी नयाँ वन नियमावली कार्यान्वयनमा आएपछि काठ, दाउरा बिक्री गर्न नसकेपछि समस्या उत्पन्न भएको परियोजनाका निमित्त प्रमुख चौधरीले बताए।
उनले परियोजनाबाट उत्पादन हुने टिक, सिसौं, कर्मा, जामुन, अस्ना, टुनी, शिरिष, भुडकुल, गुटेल, बाँझी आदि प्रजातिका बल्लाबल्लीको राजस्व दर नयाँ वन नियमावलीमा उल्लेख गर्न छुट भएकाले बिक्री वितरणमा समस्या आएको जानकारी दिए। परियोजनाबाट उत्पादन हुने करिब ६० प्रतिशत काठ बल्लाबल्ली साइजका नै हुने र यिनै काठको बिक्री वितरणबाट परियोजनाको मुख्य खर्च चल्ने गरेको छ। नयाँ वन नियमावलीअनुसार उक्त प्रजातिका बल्लाबल्ली काठको राजस्व दरसमेत ठूला आकारका गोलिया काठकै रूपमा बुझाउनुपरेमा परियोजनाले कुनै 'ओभरहेड' खर्च नपाउने भएकाले परियोजनाको दैनिक काम चलाउन गाह्रो भएको परियोजनाले जनाएको छ।
परियोजनाका निमित्त प्रमुख चौधरीका अनुसार नियमावलीले व्यवस्था गरेको बिक्रीको 'नयाँ सूत्र'को प्रावधानका कारण एकातिर २७ दशमलव ३० प्रतिशत मूल्यवृद्धि भएको र अर्कोतिर बल्लबल्लीको राजस्व दर उल्लेख नहुँदा गोलिया काठकै राजस्व दरमा कटान मुछान खर्चमात्र जोडी बिक्रीका लागि पटक-पटक सूचना प्रकाशित गर्दासमेत बिक्री नभएको हो।
उत्पादित काठका सम्बन्धमा १८ इन्चभन्दा कम गोलाइका काठलाई दाउरा, १८ देखि ३१ इन्च गोलाइसम्मका काठलाई बल्लाबल्ली, ३१ देखि ४८ इञ्चसम्म गोलाइका काठलाई 'बी' वर्गको गोलिया र ४८ इन्चभन्दा माथि गोलाइ भएको काठलाई 'ए' वर्गको गोलिया काठमा वर्गीकरण गरिएको समितिका शाखा अधिकृत अमरबहादुर चन्दले जानकारी दिए।
उनका अनुसार समस्या समाधानका लागि मन्त्रालयमा पटक-पटक आग्रह गर्दासमेत हालसम्म कुनै ठोस पहल हुनसकेको छैन।
परियोजनाका ती कर्मचारीलाई तलब खुवाउन मासिक करिब ४५ लाख रुपैयाँ खर्च हुँदै आएको परियोजनाका लेखापाल सुरेन्द्र जोशीले बताए। उनका अनुसार यसबाहेक करिब डेढ वर्षदेखि उमेरहदका कारण विभिन्न मितिमा अनिवार्य अवकाश लिएका कर्मचारीले पनि हालसम्म उपदानस्वरुप पाउनुपर्ने रकमसमेत प्राप्त गर्न सकेका छैनन्।
विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समितिअन्तर्गत रहेको सो परियोजनाले आफ्नो मातहतको वन क्षेत्रमा छिटो हुर्किने प्रजातिका बोटविरुवाको वृक्षरोपण गर्ने गर्दछ। साथै हुर्किएका वयस्क रूखको कटान गरेर उत्पादित काठ दाउरा सरकारलाई प्रचलित राजस्व बुझाइ खुला प्रतिस्पर्धात्मक तरिकाबाट बिक्री गरी प्राप्त आम्दानीबाट सञ्चालन हुँदै आएको छ।

# महोत्तरीका स्थानीय तहको बजेटः पर्यटन र कृषिमा जोड

**रासस**
**महोत्तरी।**
आर्थिक विकास र समृद्धिका लागि महोत्तरीका स्थानीय तहले कृषि तथा पर्यटन प्रवर्द्धनमा जोड दिएको छ। आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट मन्तव्यमार्फत यहाँका स्थानीय तहले कृषि र पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेको हो।




जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमध्ये सातले आ-आफ्नो नगर तथा गाउँसभामार्फत आर्थिक विकास र समृद्धिका लागि कृषि र पर्यटन विकासमा जोड दिएको हो। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम असार १० गते भित्रै सम्बन्धित गाउँ/नगरसभामा प्रस्तुत गरिसक्नुपर्ने स्वीकृत तालिकाअनुसार जिल्लाका मटिहानी, जलेश्वर, औरही र रामगोपालपुर नगरपालिकाका साथै एकडारा, महोत्तरी र पिपरा गाउँपालिकाले बजेट मन्तव्यसहितको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ।
बुधबार नगरसभा सम्पन्न गरेको मटिहानी नगरपालिकाले ४० करोड ३९ लाख आठ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ। जलेश्वर नगरपालिकाले ७१ करोड ५३ लाख ८० हजार रुपैयाँ, औरही नगरपालिकाले ४० करोड ३३ लाख ५९ हजार रुपैयाँ र रामगोपालपुर नगरपालिकाले ४२ करोड चार लाख रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ। त्यस्तै, एकडारा गाउँपालिकाले २६ करोड ५६ लाख ६५ हजार रुपैयाँ, महोत्तरी गाउँपालिकाले ४२ करोड ६४ हजार रुपैयाँ र पिपरा गाउँपालिकाले ४६ करोड ७९ लाख ६५ हजार रुपैयाँको अनुमानित आयव्ययसहितको बजेट मन्तव्य र नीति कार्यक्रम प्रस्तुत गरेको छ।
गाउँ/नगरसभा आयोजना गरेका स्थानीय तहले कृषिलाई आर्थिक विकासको मुख्य आधार औल्याउँदै यसक्षेत्रको विकासका लागि किसानलाई बीउबीजन, मल, कृषि ज्यावल, सिँचाइ, बजार प्रवर्द्धनलगायत विषयमा जोड दिएको छ। स्थानीय तहले पर्यटन प्रवर्द्धनको विषयलाई पनि उच्च प्राथमिकतामा राखेको छ। जिल्लामा रहेका जलेश्वर नगरक्षेत्रका प्रसिद्ध धार्मिकस्थल श्री जलेश्वरनाथको मन्दिर र प्राचीन धार्मिक महत्वका वरुण, पुरन्दर र भार्गवसरसहितका मनोरम तलाउलाई संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।
जलेश्वर नगरपालिकाले धार्मिक एवं पर्यटकीय महत्व रहेका स्थलको सौन्दर्य वृद्धि र संरक्षण गरिँदै यिनलाई धार्मिक पर्यटनसँग जोड्ने प्रतिबद्धता जनाएको छ। मटिहानी नगरपालिकाले यहाँस्थित श्री लक्ष्मीनारायण मठ, लक्ष्मीसागर र यहाँका प्राचीन मठमन्दिरको जगेर्ना गर्दै यहाँस्थित तीन सय पाँच वर्ष पुरानो राजकीय संस्कृत माध्यमिक विद्यालय ( गुरुकुल), महामुनि याज्ञवल्क्य र लक्ष्मीनारायण मठका नाउँमा स्थापित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ(संस्कृत क्याम्पस, स्नातकोत्तरसम्मको पठनपाठन हुँदै) लाई शैक्षिक पर्यटनको केन्द्र बनाइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।
औरहीले प्रसिद्ध धार्मिकस्थल श्री सोनामाई पिठको संरक्षण गर्ने, रामगोपालपुर नगरपालिकाले यहाँका प्राचीन तलाउको संरक्षण गर्दै आर्थिक विकाससँग जोड्ने प्रतिबद्धता जनाएका छन्। यसैगरी महोत्तरी, एकडारा र पिपरा गाउँपालिकाले पनि आफ्नो ठाउँमा रहेका धार्मिक एवं पुरातात्विक महत्वका तलाउ र मठमन्दिरको संरक्षण एवं प्रवर्द्धनलाई जोड दिएको छ। जिल्लामा गत बुधबारयता स्थानीय तहले स्वीकृत तालिका अनुसार गाउँ/नगरसभा आयोजन गर्दै आएको छ। कतिपय स्थानीय तहले स्वीकृत तालिकाको अन्तिम दिन आइतबार गाउँ/नगरसभा आयोजना गर्दैछन्।
सङ्घीय सरकार तथा राष्ट्रिय योजना आयोगको वार्षिक कार्यतालिकामा स्थानीय तहले आगामी वर्षको बजेट आयव्यसहितको नीति तथा कार्यक्रम असार १० भित्र सक्नुपर्ने उल्लेख गरेअनुरुप अहिले स्थानीय तहले गाउँ/नगरसभा आयोजना गरी बजेट प्रस्तुत गरिरहेको छ।

# चैतेधानले पायो दोब्बर मूल्य



**रासस**
**बेलबारी।**
गत वर्षभन्दा यस वर्ष चैतेधानको मूल्य दोब्बर भएपछि मोरङका किसान उत्साहित भएका छन्। गत वर्ष मनको पाँच सय ५० रुपैयाँदेखि छ सय रुपैयाँसम्म मूल्य पाएको चैतेधानले यस वर्ष एक हजार एक सय रुपैयाँदेखि एक हजार दुई सय ५० रुपैयाँसम्ममा कारोबार भइरहेको छ। चैतमा रोपेर असारमा काटिने चैतेधानलाई खेतमै पुगेर व्यपारीले राम्रो मूल्य दिन थालेपछि उत्साहित बनेको मोरङ बेलबारी-११ का भगिरथ घिमिरेले बताए।
'यसअघिका वर्षमा चैतेधानले किसानको उत्पादन गर्दा लाग्ने खर्च पनि उठाउँदैन थियो, तर यो वर्ष नसोचेको मूल्य पायौँ", उनले भने।
चैतेधान लगाउने कृषकलाई कोशी प्रदेश सरकारले प्रोत्साहनस्वरुप प्रतिकठ्ठा पाँच सय रुपैयाँ दिने निर्णय गरेको छ। तर धेरै किसानले यो सुविधा थाहा नभएको जनाएका छन्। एक बिघा जमिनमा चैतेधान लगाउने गरेका बेलबारी-११ का दिपेन राईले प्रदेश सरकारको यो निर्णय थाहा नभएको त्यो सुविधा पाए किसानलाई राहत हुने बताए।
मोरङमा एक लाख ११ हजार खेतीयोग्य जमिन रहेको यसमध्ये २१ हजार नौ सय हेक्टरमा मात्र चैतेधान लगाउने गरिएको र ८३ हजार तीन सय हेक्टरमा बर्खेधान लगाउने गरिएको कृषि ज्ञान केन्द्र विराटनगरका प्रमुख रामदेव सिंहले बताए।
उनले यसमा पाँच दशमलव पाँच मेट्रिक टन प्रतिहेक्टर धान उत्पादनको तथ्याङ्क रहेको बताए। उचित मूल्यको कमीले चैतेधानप्रति कृषकको आकर्षण घट्दो रहेको थियो तर यस वर्षको मूल्यले कृषकमा चैतेधानप्रति आकर्षण बढाएको छ। हिउँदमा पनि निरन्तर सिँचाइको सुविधा हुने खेतमा चैतेधान लगाउने गरिन्छ।

विशेष अफरमा धमाधम बुकिङ्ग भइरहेको छ।




डिलरको आवश्यक्ता

CROP CRUISER



धान, गेहु, मकैको लागि उपयोगी

अधिकृत विक्रेताः त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, पर्सा, मो.नं. ९८५५०२१०२०

# काठमाडौँ महानगरले ल्यायो २५ अर्ब ५४ करोड बजेट

**रासस**
**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि २५ अर्ब ५४ करोड ७८ लाख २० हजार रुपैयाँको बजेट विनियोजन गरेको छ। राष्ट्रिय सभागृहमा काठमाडौँ महानगरका उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक सुनिता डङ्गोलले सार्वजनिक गरेको बजेटमा चालुतर्फ आठ अर्ब ६१ करोड ५३ लाख २८ हजार रुपैयाँ र पुँजीगततर्फ १६ अर्ब ९३ करोड २४ लाख ९२ हजार रुपैयाँ बजेट बिनियोजन गरिएको छ।
कामपाले चालु आवका लागि २५ अर्ब ४१ करोड ९६ लाख ९६ रुपैयाँको बजेट विनियोजन गरेको थियो। चालु अवाको तुलनामा आगामी आवको बजेट करिब १४ करोड रुपैयाँले बढी हो। आगामी आवको बजेटमा स्वास्थ्य, शिक्षालाई र पूर्वाधारलाई प्राथमिता साथ बजेट विनियोजन गरिएको छ। जसअन्तर्गत पूर्वाधारमा सबैभन्दा धेरै सात अर्ब ३४ करोड ६४ लाख ७१ हजार रुपैयाँ, शिक्षामा एक अर्ब ३२ करोड रुपैयाँ र स्वास्थ्यमा ९२ करोड ६६ लाख ४४ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ।
बजेटमा भौतिक पूर्वाधार विकास, फोहरमैला व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, भाषा, संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धनजस्ता विषयले समेटिएका छन्।
आगामी आर्थिक वर्षका लागि महानगरलाई सङ्घीय सरकारबाट दुई अर्ब १४ करोड ३१ लाख रुपैयाँ प्राप्त भएको छ । कामपाले १० विषयगत क्षेत्रका महानगर गौरवको योजनाका लागि तीन अर्ब ८० करोड रुपैयाँ विनियोजन गरेको छ। महानगर स्वर्णिम योजना अन्तर्गत २५ वटा विषयगत क्षेत्रका योजनाका लागि दुई अर्ब रुपैयाँ विनियोजन गरिएको छ। वडाबाट प्राप्त योजनालाई प्राथमिकता प्राप्त योजनामा राखी त्यसका लागि एक अर्ब ७६ करोड रुपैयाँ विनियोजना गरिएको छ। फोहरमैला व्यवस्थापनका लागि सात करोड रुपैयाँ विनियोजन गरिएको छ।
बजेटमा 'गरिखाने शिक्षा, महानगरको इच्छा' योजनाका लागि ५० करोड र 'रोजगारी र आयवृद्धि महानगरको समृद्धि' कार्यक्रमका लागि १० करोड रुपैयाँ बिनियोजन गरिएको छ।



रोजगारी वृद्धिका लागि बेरोजगार र रोजगारदाताबीच 'जव लिंक एप' प्रयोगमा ल्याएने बजेटमा उल्लेख छ।
बजेटमा उत्पादन र उपभोगलाई जोड्न अनलाइन ई-कमर्श पोर्टलमार्फत मेट्रो मार्ट सञ्चालनका लागि एक करोड रुपैयाँ र स्थानीय समुदायमा प्रचलनमा रहेको स्थानीय पेय पदार्थलाई निजी व्यवसायीको सहकार्यमा ब्राण्डिङ गर्ने कार्यका लागि आवश्यक बजेट छुट्याइएको छ। साथै 'मेरो रहर, हरित सहर' कार्यक्रमका लागि ५० करोड रुपैयाँ बजेट बिनियोजन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत महानगर क्षेत्रको पार्क, आइल्याण्डको निर्माण, मर्मत, संरक्षण र वृक्षारोपणसम्बन्धी काम गरिनेछ।
महानगरले महानगर टेलिभिजन स्थापनाका लागि ५ करोड रुपैयाँ छुट्याएको छ। महानगरका मुख्य सडक, चोक एवं गल्लीमा समेत 'सर्भिलेन्स क्यामरा' जडान गरी महानगरबासीलाई सुरक्षित परिवेशमा बस्न योग्य शहर बनाउने उद्देश्यले 'महानगरले देख्न' योजनालाई गौरवको कार्यक्रममा समावेश गरिएको छ। यसका लागि २० करोड रुपैयाँ बजेट बिनियोजन गरिएको छ।
महानगरपालिका क्षेत्रमा भित्रिने तरकारी एवं फलफूलको विषादी परीक्षणका लागि विषादी परीक्षण प्रयोगशाला स्थापनाका लागि एक करोड ५० लाख रुपैयाँ बजेट बिनियोजन गरिएको छ।
साथै युवा जनशक्तिलाई 'श्रम बैंक' स्वर्णिम योजनामा आबद्ध गराइ सीप तथा क्षमता विकासमार्फत रोजगारीको अवसर सिर्जना गर्न १० करोड रुपैयाँ बजेट बिनियोजन गरिएको छ। साथै कर्मचारीहरुको सुनौलो अवकाश योजना कार्यान्वयनका लागि १० करोड रुपैयाँ बजेट बिनियोजन गरिएको छ।

# क्षीरेश्वरनाथ नगरपालिकाले ल्यायो ६८ करोड बढीको बजेट



**मधेशदृष्टि**
**जनकपुरधाम।**
क्षीरेश्वरनाथ नगरपालिकाले आव २०८०/०८१ को लागि ल्यायो ६८ करोड ९२ लाख ९९ हजार को बजेट सार्वजनिक गरेको छ।
नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रु. १२ करोड ५६ लाख, नेपाल सरकार सर्शत अनुदान रु.१६करोड ८९ लाख, नेपाल सरकार विशेष अनुदान १ करोड ५० लाख, नेपाल सरकार समपुरक अनुदान रु ८० लाख नेपाल सरकार राजश्व बाँडफाँड ९ करोड ७४ लाख ७७ हजार प्रदेश सरकार वित्तीय समानीकरण रु ९२ लाख ७२ हजार, प्रदेश सरकार शशर्त अनुदान रु.१ करोड, प्रदेश सरकार समपुरक अनुदान रुलाखक प्रदेश सरकार विशेष अनुदान रु ३० लाख, प्रदेश सरकार राजश्व वाँडफाँड रु. ७० लाख आन्तरिक आय रु. ३ करोड १० लाख, गत मौज्दात रु. ७ करोड, सडक बोर्ड नेपालको रु २५ लाख, युनिसेफको कार्यक्रम रु.१० लाख, सामाजिक सुरक्षा रु ११ करोड ३२ लाख ५० हजार, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम रु. ५ लाखलागत सहभागिता रु १ करोड ५० लाख मालपोत कार्यालयबाट ६८ लाख गरी कुल रु ६८ करोड ९२ लाख ९९ हजार आयको अनुमान पेश नगर प्रमुख सुख देव यादवले पेश गरेका हुन्।

# डा. रुइत सम्मानित




**मधेशदृष्टि**
**जनकपुरधाम।**
विश्व विख्यात नेपालका वरिष्ठ नेत्र रोग विशेषज्ञ एवं आँखा सर्जन प्राध्यापक डा.सन्दुक रुइतलाई जनकपुरधाममा आज आधा दर्जन सरकारी एवं सामाजिक संघ संस्थाहरूले सम्मान गरेका छन्।
मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले आँखा सर्जन डा. रुइतलाई ती संस्थाहरूको तर्फबाट दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरे।
नेपालको आँखा सर्जरीमा नयाँ शैली तथा प्रविधिको प्रयोग गरेर विश्वका लागि अनुकरणीय बनेका रुइतलाई सम्मानित गर्ने संस्थाहरूमा नेपाल रेडक्रस जानकी आँखा अस्पताल जनकपुरधाम, जनकपुरधाम उपमहानगरपालिका, वटेश्वर गाउँपालिका, नेपाल रेडक्रस धनुषा र सर्लाही शाखा रहेका छन्।
१ लाख २० हजार भन्दा बढीको आँखा सर्जरी, मोतिया बिन्दुका लागि नयाँ लेन्सको विकास जस्ता थुप्रै राम्रा कामका माध्यमबाट विश्व प्रसिद्ध डा. रुइतलाई सम्मानित गरिएको संस्थाहरूले जनाएका छन्। कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले नेपाललाई आँखा उपचारको लागि विश्वविख्यात बनाएका डा. सन्दुक रुइत नेपालका धरोहर भएको बताए।

# अन्ततः इन्द्रजित साफीका चारै दाजुभाइले लिए नागरिकता



*धनुषाको गणेशमान चारनाथ नगरपालिका ४ भरतपुर घर भएका इन्द्रजितले ३१ वर्षको उमेरमा नागरिकता पाएका हुन् ।आमा सोनावतीसँग चारछोराहरु नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय धनुषा पुगेका थिए।*

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नागरिकता संघर्ष समितिका अध्यक्ष इन्द्रजित साफीका चार दाजुभाइले नागरिकता पाएका छन्।
नागकिता नपाएर लामो समयदेखि संघर्षरत्त इन्द्रजितका दाजु भाइले जिल्ला प्रशासन कार्यालय धनुषाबाट वंशजको नागरिकता पाएका हुन् ।धनुषाको गणेशमान चारनाथ नगरपालिका ४ भरतपुर घर भएका इन्द्रजितले ३१ वर्षको उमेरमा नागरिकता पाएका हुन् ।आमा सोनावतीसँग चारछोराहरु नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय धनुषा पुगेका थिए ।जेठो इन्द्रजित, माहिलो २९ वर्षका रञ्जित साफी, २२ वर्षका छोटु साफी र कान्छो वर्ष २१ का रविन साफीलाई जिल्ला प्रशासन कार्यालय धनुषाले नागरिकता उपलब्ध गराएको हो। उनीहरुलाईलाई प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले नागरिकता हस्तान्तरण गरेका हुन् ।नागरिकता पाएपछि ईन्द्रजितले बल्ल यो देशको नागरिक भएको अनुभुती भएको बताए। 'बल्ल आजदेखि नेपाली नागरिक भएको अनुभूति र अपार खुसी महसुस भइरहेको छ। अब यो देशमै केही गर्छ', उनले भने।
उनी नागरिकता संघर्ष समितिका संयोजक भएर आन्दोलनरत थिए। ईन्द्रजित सिभिल इन्जिनियर हन्। बुबा विक्रम धोवीको नागरिकता जन्मसिद्ध भएको कारण उनले नागरिकता पाउन सकेका थिएनन्। तर राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता सम्बन्धी विधेयक कार्यान्वयन गर्न सर्वोच्च अदालते बाटो खोलेपछि उनीहरुले नागरिकता पाएका हुन्।

# कमला किनारमा बाढी पर्खिरहेका माझी

**सुदीप राउत**
**जनकपुरधाम।**




केही हप्ताअघिसम्म सामान्य अवस्थामा एकनाश बगिरहेको कमला नदीले असार लागेसँगै आकार बढाइसकेको छ।
असारसँगै सुरु भएको वर्षाले कमला नदीमा बढेको पानीको बहावले यहाँको अस्थायी काठेपुल बगाइसकेको छ।
नदीले आकार बढाउँदै गर्दा स्थानीयमा कमला नदीले रौद्ररुप लिन्छ कि भन्ने चिन्ता पनि बढेको छ। त्यसैले नदी किरानका मानवबस्तीमा बस्नेतहरु त्रसित बनेका छन्।
नदी किरानमा जोखिम बढ्दै जान थालेपछि बगरखेती गर्नेहरु पनि बगर छोड्ने सुरसारमा छन्।
हुलाकी राजमार्ग हुँदै हिँड्ने यात्रुहरुको सत्‌्या पातलिँदै गएको छ भने नदी किनारमा डुङ्गा खियाउने माझीहरुको संख्या भने बढ्न थालेको छ। त्यसैमध्येका एक छन्-कमला नगरपालिका-५ धनुषाका ८० वर्षिय माझी 'बा' रामसेवक सहनी।
उमेर बुढो भए पनि शरीरमा जोस् भने जवान माझी सरह नै छ। विहान झिसमिसे नहुँदै कमला नदीको सारस्वरनाथ घाटछेऊ पुग्ने र घाम डुबेपछि मात्रै फर्किने सहनीको दिनचर्या बनेको छ। 'के गर्नु वर्षाका दुई/चार महिना त हो डुङ्गा चलाउन पाउने।
यो सानै उमेरदेखि गर्दै आएको काम हो। यही घाटमा डुङ्गा खियाउँदै जीवन बित्यो। ज्यानले साथ दिएसम्म त काम गर्नै पर्‍यो', उनले भने।
कमला-५ का ५२ वर्षिय रामेश्वर सहनीको दिनचर्या पनि त्यस्तै छ। नदी किनारमा बिहानदेखि बेलुका आँखाले देखुञ्चेल डुङ्गा खियाउन उहाँ व्यस्त हुनुहुन्छ। यो दैनिकी आगामी करिब चार महिनासम्म चल्छ।
'देशमा हुँदा नौ/दश वर्षको उमेरदेखि यही घाटमा जीवन बितेको छ। बाउबाजेले महेन्द्र राजमार्ग बन्नुभन्दा पहिले बन्दिपुर नजिकै कमला नदीमा डुङ्गा चलाउनुहुन्थ्यो। त्यहाँ पुल बनेपछि यही घाटमा चलाइरहेका छौं', सहनीले भने, 'यहाँ पनि कहिलेसम्म चलाउन पाउने हो ? भाँसिएको पुल नउठेसम्म त होला!'
वर्षायामका करिब चार महिना डुङ्गा चलाएर प्रतिमहिना दशदेखि बीस हजार आम्दानी हुने उनको भनाइ छ। सहनीका शब्दमा यो रहर नभइ उहाँको बाध्यता हो। 'पेशा हो लोभ त लाग्छ तर रहरले नभई कमला पुल नबन्दा जनताले भोग्नुपरेको सास्तीका कारण बाध्य भएर डुङ्गा चलाइरहेका छौं। मैले त १५ वर्षभन्दा बढी समय कतारमा बिताए। रातारात हुने त्यहाँको विकास देखेको छु। यहाँ त पुल नदेखेरै पुस्तौ बित्यो, १२ वर्षअघि पुल बन्न थालेपछि निकै उत्साहित भएका थियौ तर त्यो पनि अलपत्र छ। थप कति वर्ष लाग्ने हो कुनै ठेगान नै छैन', सहनीको गुनासो छ।
उनीसँगै कक्षा ११ मा अध्ययनरत छोरा हरिदेवकुमार सहनी पनि डुङ्गा चलाउन सिक्दै छन्। बुबाको अनुपस्थितिमा सजिलो होला भनेर फुर्सदको समयमा आफूले पनि डुङ्गा चलाउन सकिरहेको हरिदेवको कथन छ।
'हाम्रो जात नै डुङ्गा चलाउने हो। बुबाले बाजेबाट सिक्नुभयो र मैले बुबाबाट सिक्दैछु। बाजेले कमलामा पुल देख्न पाउनुभएन, बुबाको पालामा पनि बन्छ कि बन्दैन थाहा छैन। के थाहा! यस्तै अवस्था रहे मैले पनि डुङ्गा चलाएर बस्नुपर्ने हो कि', हरिदेवले पुलतर्फ हेर्दै भने।

> 'मेरो घर नदी वारीपट्टी सिरहा नगरपालिकामा पर्छ। नातेदारहरु नदी पारी धनुषामा बस्छन्। आउजाउ गर्दा डुङ्गाको विकल्प छैन कि त लामो दूरी पार गरेर जानुपर्छ', मोहम्मद भन्छन्, 'नेताहरु भोट माग्न आउँदा पुल चाँडै बन्छ भन्छन् तर वर्षौं लागेर बनाएको पुल एकै वर्षात्मा भाँसिदा पनि कसैले केही गरेनन्। कहिले बन्ने हो अनुमान नै लगाउन सकिँदैन।'

स्थानीय समसुदेन मोहमदले पनि वर्षायाममा नजिकका बस्तीबाट कमला नदी वारपार गर्न डुङ्गाको विकल्प नभएको बताउछन्। उनले वर्षौंदेखि पुल नबन्दा निकै सास्ती खेप्दै जोखिमपूर्ण यात्रा गर्नुपरेको बताए।
'मेरो घर नदी वारीपट्टी सिरहा नगरपालिकामा पर्छ। नातेदारहरु नदी पारी धनुषामा बस्छन्। आउजाउ गर्दा डुङ्गाको विकल्प छैन कि त लामो दूरी पार गरेर जानुपर्छ', मोहम्मद भन्छन्, 'नेताहरु भोट माग्न आउँदा पुल चाँडै बन्छ भन्छन् तर वर्षौं लागेर बनाएको पुल एकै वर्षात्मा भाँसिदा पनि कसैले केही गरेनन्। कहिले बन्ने हो अनुमान नै लगाउन सकिँदैन।'
यो पटक अहिलेसम्म पूर्णरुपमा वर्षा सुरु भइसकेको छैन। ढिलोचाँडो विगतका वर्षमा झैं बाढीको बेला आउँदैछ। नदी किनारका बस्तीमा वर्षा सुरु नहुँदै एकप्रकारको 'त्रास' छ। त्यस्तै त्रास छ वर्षौंदेखि डुङ्गा खियाइरहेका माझिहरुलाई पनि।
'केही समय अर्थोपार्जन गरे पनि पुस्तौपुस्ता पुल नहुँदाको सास्ती सबैले खप्नुपरिरहेको छ। तपाईंहरुले देखिसक्नुभयो बुढो र कुप्रो शरीर बोकेर बिहानैदेखि नदीमा आउनुभएका माझी बालाई। बुढा बाजस्तै हामीले पनि यहाँ बाढी पर्खेर बसिरहनुपरेको छ। यो रहर नभई बाध्यता हो। पुल नहुनुको बाध्यता!'

# श्रमजीवि बचतले रकम लिएर फरार भएको हल्ला गलत

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य रामबाबु यादवले आफू बचतकर्ताको रकम लिएर फरार भएको गलत हल्ला फैलाइएको दावी गरेका छन्।
श्रमजीवि बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष समेत रहेका यादवले बचतकर्ताको रकम लिएर फरार भएको केही संचारमाध्यममा आएपनि त्यसमा कुनै सत्यता नरहेको उनको दावी छ। केही दिन अगाडी मात्रै सहकारीको संचालक लाखौ रुपैयाँको अपचलन गरी फरार भएको समाचारहरु प्रकाशित भएका थिए ।श्रमजीविमा नयाँ बचतकर्ताको इन्ट्री २०७६ सालबाटै बन्द गरिएको र तिर्नुपर्ने रकम बचतकर्ताहरुलाई बुझाउने प्रकृया चलिरहेको समयमा नियोजित हिसाबले आफूलाई फसाउनकै लागि कुप्रचार गरिएको श्रमजीविका अध्यक्ष यादवले दावी गरे। आफूलाई बदनाम गर्नकै लागि केही महिला लगाएर दुर्व्यवहार गराउन लगाइएको उनको भनाई छ।



यादव जिल्ला दुग्ध सकारी संघका अध्यक्ष समेत हुन्। उनी संघकै कार्यालयमा कामहरुको समयमा बिना दर्ता भएका बचतकर्ताहरुको एक हुल त्यहाँ पसेर हुलहुज्जत गर्न खोजेका थिए। यादवले भने 'त्यसपछि म आफैले प्रहरीलाई सम्पर्क गरेको र जिल्ला प्रहरी कार्यालय धनुषाकै रोहवरमा बचतकर्ताहरुलाई बुझाउनुपर्ने रकम साउन मसान्त भित्र फिर्ता गर्ने सहमति भएको छ।'
प्रहरीकै रोहवरमा श्रमजीविका म्यानेजर सुनिलकुमार खर्गाले ५ लाख रुपैयाँ समेत बुझाएका थिए। सो रकम आफूले सानो रकम रहेको ३०/३५ जना बचतकर्तालाई फिर्ता गरेको यादवले जानकारी दिए ।यसअघि २०७६ साउन १ गते संचालक समितिको बैठक बसेर संस्थाको सम्पूर्ण कारोबार बन्द गर्ने र बचतकर्ताहरुको रकम फिर्ता गर्ने तथा ऋण असुली गर्ने निर्णय गरिएको थियो। यद्यपि संस्थाका म्यानेजर खर्गा पासबुक चोरेर नयाँ बचतकर्ताहरु संग रुपैयाँ उठाउन थालेपछि २०७९ असार १ गते संचालक समितिकै बैठकबाट बचत शेयर सम्बन्धित शेयर फिर्ता गर्ने, लगानी गरेको ऋण स्वयं खर्गाले असुल गर्ने, खर्गाको जिम्मा रहेको हिसाब फर्छ्यौट गर्ने र सो को दायित्व संस्थाले जिम्मा नलिने संस्थाका अध्यक्ष यादव र म्यानेजर खर्गाबिच सम्झौता भएको थियो।
अध्यक्ष यादवका अनुसार श्रमजीविमा अवद्ध १ सय ३३ जना बचतकर्ताहरुमध्ये अधिकांशको फिर्ता भईसकेको र केहीको रकम फिर्ता गर्ने प्रकृयामा रहेको छ। जबकि संचालक समितिको निर्णय विपरित म्यानेजर खर्गाले खडा गरेको बचतकर्ताहरु लगभग १ सय बचतकर्ताहरुको रकम समेत खर्गाले चुक्ता गर्नुपने दायित्व हुन्छ।

# पर्सामा नागरिकता वितरण सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता ऐन कार्यान्वयन भएसंगै आइतबारदेखी पर्सामा नयाँ ऐन अनुसार नागरिकता उपलब्ध गर्राइएको छ। जन्मको आधारमा नागरिकता लिएकाहरुको सन्तानलाई बंशजको आधारमा आइतबार पहिलो दिन पर्सामा ३२ जनाले नेपाली नागरिकताको प्रमाण पत्र लिएको पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताए।
जिल्ला प्रशासन कार्यालयमा नयाँ ऐन अन्तरगत रोकिएका नागरिकहरुको नागरिकता वितरण फास्ट ट्र्याकबाट गर्ने कार्याको थालनी समेत आइतबारबाट भएको र प्रत्येक दिन सयभन्दा बढीलाई नागरिकता उपलब्ध गराईने योजना सहीत कर्मचारी खटाइएको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए। सर्वोच्च अदालतले नागरिकता ऐनको संशोधित व्यवस्था कार्यान्वयन नगर्न यसअघि जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिएपछि विधेयक कार्यान्वयनका लागि बाटो खोलेसँगै विगतमा नयाँ ऐन अनुसार रोकिएको नागरिकता वितरण कार्य आइतबारदेखि सुचारु भएको रेग्मीले बताए। सर्वोच्च अदालतबाटै नयाँ नागरिकता ऐन अनुसार नागरिकता प्रदान गर्ने बाटो खोलेसँगै जिल्ला प्रशासन कार्यालय पर्साले नयाँ नागरिकता ऐन अनुसार जन्मसिद्ध नागरिकका सन्तानसहितका नागरिकता विहीनहरुलाई नागरिकता वितरण कार्य सुरु गरेको रेग्मीले बताए।
जन्मसिद्ध नागरिकको सन्तानको हकमा बुबा आमा दुवैको सक्कल नेपाली नागरिकता र त्यसको प्रतिलिपी, वडाअध्यक्षाको सिफारिससहितको अनुसुची र फारम, सक्कल जन्मदर्ता र शैक्षिक योग्यताको प्रमाणपत्र, बाबू आमा, सन्तानबिचको फोटोसहितको सक्कल नाता प्रमाणीत, बसाईसराई गरि आएकाहरुको हकमा बसाईसराई प्रमाणपत्र लगायतका कागजपत्रहरु अनिवार्य रुपमा हुनुपर्ने तथा सम्बन्ति वडा कार्यालयको सिफारिस अनिवार्य हुनुपर्ने जानकारी जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी एवम प्रवक्ता भिमकान्त पौडेलले जानकारी दिए।
यसैबिच आइतबारबाट जिल्ला प्रशासन कार्यालय पर्साले नागरिकता सेवाग्राहीका लागि अनलाईन टोकन प्रणाली समेत लागु गरेको छ। नागरिकता पहिलो संशोधन ऐन २०७९ को कार्यान्वनको क्रममा जन्मको आधारमा नागरिकता लिएकाहरुको सन्तानलाई बंशजको आधारमा नेपाली नागरिकता उपलब्ध गराउने सन्दर्भमा सेवाग्राहीलाई कार्यालयमै आएर लाईन लागि पालो कुर्नुपर्ने झण्झटिलो, सास्ती र हैरानी हुने अवस्थालाई अन्त्य गरी नागरिकता वितरणमा सहज, सरल, छिटोछरितो निष्पक्ष र पारदर्शी रुपले सेवा प्रवाह गर्न जिल्ला प्रशासन कार्यालय टोकन प्रणाली लागु गरेको पौडेलले बताए।



# रुस संकटकाबीच अमेरिकी सहयोगीसँग ‘निकट समन्वयमा’ रहने



**एएनआई**
**वाशिङ्टन डिसी ।**
रुसमा देखिएको आकस्मिक सङ्कटकाबीच संयुक्त राज्य अमेरिका आफ्ना सहयोगीको निकट समन्वयमा रहने विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बताएका छन् । क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलाइत र युरोपेली सङ्घका विदेशमन्त्रीसँग कुराकानी गर्दै उनले अमेरिका निकटको समन्वयमा रहने बताएका हुन् । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले शनिबार विज्ञप्ति जारी गर्दै मन्त्री ब्लिन्केनले क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र युनाइटेडका विदेशमन्त्रीसँग यस विषयमा कुरा गरी पुष्टि गरेका हुन् । ‘मन्त्री ब्लिन्केनले युक्रेनका लागि संयुक्त राज्य अमेरिकाले गर्दै आएको समर्थन परिवर्तन नहुने कुरासमेत दोहोऱ्याएका छन् । ‘नयाँ घटनाक्रम विकसित हुँदै जाँदा संयुक्त राज्य अमेरिका आफ्ना सहयोगी र साझेदारसँग नजिकको समन्वयमा रहनेछ,’ विज्ञप्तिमा भनिएको छ ।

वाग्नर लडाकु प्रमुख येभगेनी प्रिगोजिनले टेलिग्राम पोस्टमा विद्रोहको घोषणा गरेपछि अमेरिकाको यो टिप्पणी सार्वजनिक भएको हो । लडाकु प्रमुखले लडाकु युक्रेनबाट रूसी सेनाको विरूद्ध दक्षिणी रूसतर्फ सीमा पार गर्दै अगाडि बढेको बताएका थिए । यसैबीच उनले आफ्ना लडाकुले आफ्नो बाटोमा अवरोध गर्ने जो कोहीलाई नष्ट गर्ने घोषणा पनि गरेका थिए । उनले भनेका छन्, ‘हामी अगाडि बढिरहेका छौँ र अन्त्यसम्म  बढ्नेछौँ ।’

वाग्नर लडाकु रुसको रोस्तोभ शहर प्रवेश गरिरहेको बताइएको छ । उनले चेकपोइन्टमा कुनै प्रतिरोध नभएको र आफ्ना लडाकु ‘बालबालिका विरुद्ध’ भने नलडेको पनि दाबी गरेका छन् । प्रिगोजिनको सो अभिव्यक्ति पछि रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले टेलिभिजनमार्फत राष्ट्रका नाममा सम्बोधन गर्दै वाग्नर समूहको ‘सशस्त्र विद्रोह’, ‘पिठमा छुरा धस्ने देशद्रोहको बाटो’, भएको टिप्पणी गरेका छन् । उनले रुसी सेनाका विरुद्ध सशस्त्र विद्रोह गर्ने देशद्रोहीलाई कडा कारबाही गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

यता प्रिगोजिनले भने रुसी राष्ट्रपतिले ‘गम्भीर गल्ती’ गरेको  भन्दै विद्रोही समूह देशभक्त रहेको दाबी गरेको वाशिङ्टन पोस्टले उल्लेख गरेको छ । आफ्नो प्रेस सेवाद्वारा शनिबार पोस्ट गरिएको अडियो सन्देशमा प्रिगोजिनले भनेका छन्, ‘मातृभूमिप्रति विश्वासघात गर्दै राष्ट्रपतिले गम्भीर गल्ती गर्नु भएको छ ।’ देशलाई ‘भ्रष्टाचार, छलछाम र नोकरशाही’ को देश भनेर सम्बोधन गर्दै उनले विद्रोही समूहले लडाइँ जारी राख्ने बताएका छन् ।

विद्रोही कमाण्डरले भनेका छन्, हामी हाम्रो मातृभूमिका देशभक्त हौँ, हामी लड्दै आएका छौँ र लडिरहने छौँ । हामी राष्ट्रपति, सेना वा अरू कसैको अनुरोध स्वीकार गर्दैनौँ किनभने देश भ्रष्टाचार, छलछाम र कसैको तजबिजको दलदलमा फसिरहन दिदैनौँ ।

# वाग्नरले त्याग्यो विद्रोह

## समूहका प्रमुखलाई देश बाहिर पठाइँदै

**बीबीसी ।**
रुसमा भाडाका सैनिक उपलब्ध गराउने वाग्नर समूहले विद्रोहको प्रयास गरेको २४ घण्टाभन्दा कम समयमै महत्वपूर्ण ठानिएको रोस्तोभ-अन-डनका सहर छोड्न थालेको छ । यसअघि समूहका प्रमुख येभ्गेनी प्रिगोजिनले आफ्ना लडाकुहरूलाई रक्तपातबाट बच्नका लागि युक्रेन फर्कन आह्वान गरेका थिए । उनी अहिले छिमेकी राष्ट्र बेलारुस गइरहेको बताइएको छ । रुसी सञ्चारमाध्यमहरूमा सार्वजनिक विवरणका अनुसार अब उनी र उनका सेनाहरू विरुद्ध लगाइएको आरोप हटाइने छ ।

यसले रुसमा एक अराजक तथा असाधारण दिनको अन्त्य भएको सङ्केत गर्छ । वाग्नर समूह रुसको सरकारी सेनासँग मिलेर युक्रेनमा लडिरहेको निजी सेना हो । हालैका महिनाहरूमा प्रिगोजिनले रुसको सैन्य नेतृत्वको खरो आलोचना सुरु गरेपछि उनीहरूबीच युद्ध लड्ने शैलीलाई लिएर तनाव बढिरहेको थियो । शनिवार वाग्नरका सैनिकहरू युद्धरत युक्रेनस्थित आफ्नो क्षेत्रबाट रुसको सीमाभित्र फर्किएर दक्षिणी सहर रोस्तोभ-अन-डनमा प्रवेश गरेपछि तनाव चुलिएको हो । घटनाक्रम तीव्र गतिमा अगाडि



बढ्यो र उनीहरूले मस्कोतर्फ जाँदा उत्तरमा पर्ने भोरोनेज सहरको सैन्य संरचनाहरू पनि नियन्त्रणमा लिए । क्रेमलिनलाई राजधानी मस्कोसहित थुप्रै स्थानहरूमा सुरक्षा कडा बनाउन दबाब दिँदै भाडाका लडाकुहरू राजधानीतर्फ अघि बढेका थिए। त्यतिबेला त्यहाँका मेयरले आम नागरिकलाई यात्रा नगर्न आह्वान गरेका थिए । आवश्यक परेको खण्डमा वाग्नर लडाकुहरू विरुद्ध लड्न हजारौं कुलीन चेचेन सेनाहरू मस्कोतर्फ लागेको चेतावनीहरू समेत दिइएको थियो ।

प्रतिक्रिया स्वरूप राष्ट्रपति भ्लादिमिर पुटिनले रुसलाई ‘धोखा’ दिन खोज्नेहरूलाई सजाय दिने वाचा गरेका थिए । रुसी टिभी च्यानल रोजिया ट्वाइन्टीफोरका अनुसार बेलारुसी नेता अलेक्ज्याण्डर लुकाशेन्को र प्रिगोजिनको भेटवार्तापछि शनिवार साँझ अचानक परिस्थिति स्थिर बनाउने सहमति भएको थियो । केही घण्टापछि वाग्नर सेनाले रोस्तोभ छोडिरहेको र समर्थकहरूले उनीहरूका नेताको जयजयकार गर्दै हात मिलाउन कोसिस गरिरहेको देखिने भिडिओ सार्वजनिक भयो । एक दिनको घटनाक्रमलाई युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ‘पूर्ण अराजकता’ को सङ्ज्ञा दिए ।

‘क्रेमलिनका ती मानिस स्पष्ट रूपमा धेरै डराएका छन् र सम्भवतः कसैले नदेखुन् भन्ने हेतुले कतै लुकेका छन् । उनी अब मस्कोमा छैन भन्ने कुरामा म ढुक्क छु,’ उनले एक विज्ञप्तिमा भनेका छन् । ‘उनी स्वयंले यो खतरा निम्त्याएले आफू केसँग डराएको हो उनसलाई थाहा छ। खराबी, नोक्सानी र घृणा सबै उनैले फैलाएका हुन् ।’

फ्लाइट ट्र्याकिङले शनिवार राष्ट्रपतिका दुई विमानहरूले सहर छोडेको देखाएपछि पुटिन मस्कोबाट भागेको अफवाह फैलिएको थियो । यद्यपि उनका प्रेस सचिव दिमित्री पेस्कोभले राष्ट्रपति क्रेमलिनमै रहेको बताएका छन् ।

उनले प्रिगोजिनको पक्राउ पुर्जी हटाइने र उनी र उनका सेनाहरू विरुद्धको फौजदारी मुद्दा बन्द गरिने बताए । रुसी रक्षा मन्त्रालयसँग सम्झौतामा हस्ताक्षर गर्न चाहने वाग्नर भाडाका सैनिकहरूले अझै पनि त्यसो गर्न सक्ने दिमित्रीले बताए ।

# ‘नतिजाबाट निराश हुनुपर्दैन’

**कुशल तिमल्सिना**
**काठमाडौं ।**
पछिल्लो पाँच महिनाको अविश्वसनीय प्रदर्शनका आधारमा नेपाल क्रिकेट टिमप्रतिको अपेक्षा स्वभाविक रुपमा उच्च छ । यसपल्ट अपेक्षाअनुसार भएन । प्रदर्शन सधैं एकनासको रहँदैन । त्यसमा पनि नेपालले बलिया विपक्षीको सामना गर्नुपरेको थियो ।

जिम्बाव्वेमा जारी आईसीसी एकदिवसीय विश्वकप छनोटमा शनिबार नेदरल्याण्ड्ससँग पराजित भएपछि नेपाल समूह चरणबाट माथि पुग्न असफल भएको छ । १० टोली सम्मिलित प्रतियोगिताको कम्तिमा पनि सुपर सिक्ससम्म पुग्ने आशा नेपाली समर्थकको थियो । नेदरल्याण्ड्ससँग पराजित हुनुअघि समूह चरणमा नेपालले घरेलु टोली जिम्बाव्वेसँग ८ विकेट र वेष्ट इण्डिजसँग १०१ रनले हारेको थियो भने अमेरिकामाथि जित निकालेको थियो । एसोसिएट प्रतिस्पर्धी अमेरिकासँगको ६ विकेटको जितबाहेक हरारेमा नेपालको प्रदर्शन सन्तोषजनक थिएन । पहिलो खेलमा कुशल भुर्तेलको ९९ रन सहयोगमा जिम्बाव्वेमाथि २९१ रनको प्रतिस्पर्धात्मक लक्ष्य दिए पनि नेपाली बलरहरुले घरेलु ब्याटरलाई नियन्त्रण गर्न सकेनन् । पछिल्ला दुई खेल (वेष्ट इण्डिज र नेदरल्याण्ड्स)विरुद्ध भने नेपालको बलिङ, ब्याटिङ र फिल्डिङ सबैतिर नेपालको कमजोरी उदांगो भयो । दुईपल्टको विश्व विजेता वेष्ट इण्डिजसँग पहिलोपल्ट खेल्दा १०१ रनले हारे पनि नेपालको निडर प्रदर्शनले सबैको मन जित्यो । हरारे स्पोर्ट क्लबमा ३४० रनको लक्ष्य पछ्याएको नेपालले अन्तिम ओभरमा अलआउट हुनुअघि २३८ रन बनाएको थियो । शनिबार नेदरल्याण्ड्ससँग हारेपछि नेपालले अर्को चरणमा प्रवेश नपाउने निश्चित भयो । समूह ए बाट नेपाल र अमेरिका पनि बाहिरिएका छन् । जिम्बाव्वे, वेष्ट इण्डिज र नेदरल्याण्ड्सले यो समूहबाट सुपर सिक्स खेल्नेछन् । नेपालका कप्तान रोहितकुमार पौडेलले ठूलो प्रतियोगिता र बलिया विपक्षीसँग खेलेर अनुभव र एक्स्पोजर हासिल भएको बताए । नेदरल्याण्ड्ससँग पराजित भएपछि रोहितले भनेका छन्, ‘राम्रो टिमको सामना गर्दा धेरै सिक्न पाएका छौं । प्लेअफमा राम्रो प्रदर्शन गर्नेछौं ।’ नेपालले सातौं र नवौं स्थानको प्लेअफका लागि दुई खेल खेल्नेछ ।

**शर्ट बलमा संघर्ष**
वेष्ट इण्डिजका विश्वस्तरीय बलरको सामना गर्न संघर्षरत नेपाली ब्याटरहरु शनिबार नेदरल्याण्ड्ससँग झनै निरीह देखिए । नेपालको कमजोरी थाहा पाएका डच बलरले लगातार बाउन्सर र शर्ट बल फाल्दा नेपालले लामो साझेदारी बनाउनै पाएन । ओपनर कुशल भुर्तेल, कप्तान रोहितकुमार पौडेल, दीपेन्द्र सिंह ऐरी, आरिफ शेख र गुल्सन झासम्मका ब्याटरहरु त्यही शर्ट बलको शिकार बनेका थिए । यस्तै समस्या नेपाली ब्याटरका लागि वेष्ट इण्डिजसँगको खेलमा पनि भएको थियो । अल्जारी जोसेफ, जेसन होल्डरलगायत विश्वस्तरीय बलरहरुसामू नेपाल शर्ट बलमै माथ खानपुगेको थियो । अफ्रिकी राष्ट्र जिम्बाव्वेको पीच र विकेटको अवस्था एसियाको भन्दा निश्चित रुपमा फरक छ । एसियाबाहिर अफ्रिका, इंग्ल्याण्ड र अस्ट्रेलियामा बाउन्सर र शर्ट बलको असर धेरै हुने गर्छ । एसियाली पीचको तुलनामा अरु महादेशमा बलको उचाइ र गति धेरै हुने गर्छ । त्यसैले एसियाका शीर्ष ब्याटरहरु इंग्ल्याण्ड र अस्ट्रेलियाको पीचमा निरन्तर संघर्ष गरिरहेका देखिन्छन् । नेपालका पूर्वक्रिकेटर शक्ति गौचन बाउन्सर र शर्ट बलको समस्यालाई त्यति ठूलो मान्दैनन् । तर, यसपल्ट विश्वकप छनोट हेरेपछि नेपालले सुधार गर्नुपर्ने समस्या चाहीँ यही हो भनेर उनलाई पनि लागेको छ । ‘हारेपछि धेरै समस्याहरु देखिन्छन् । अहिले शर्ट र बाउन्सर बलको कुराहरु आइरहेको छ’, गौचनले भने, ‘यो कुरा हाम्रो घरेलु क्रिकेटसँग आएर जोडिन्छ । शर्ट बलको समस्या एक दिनमा समाधान गर्छु भनेर हुने कुरा होइन । हामीले यू-१२ देखि उमेरसमूहमा यसको अभ्यास गराउन सक्नुपर्छ । नभए राष्ट्रिय टिमका लागि त्यसको विशेषज्ञ बलर झिकाएर अभ्यास गर्नुपर्छ ।’ जिम्बाव्वे पुग्नुअघि नेपालले दक्षिण अफ्रिकामा स्कटल्याण्ड र नेदरल्याण्ड्ससँग अभ्यास खेलसँगै विशेष अभ्यास गरेको थियो । उस्तै विकेट अवस्था रहेको दक्षिण अफ्रिकाको सिकाइले पनि नेपाललाई पर्याप्त भएन । एसियाली क्षेत्रमै आयोजना हुने आसन्न इमर्जिङ टिम्स एसिया कप र एसिया कपमा नेपाललाई शर्ट बलको समस्या तुलनात्मक रुपमा कम हुनेछ । तर, टेष्ट खेल्ने लक्ष्य लिएको नेपाल क्रिकेटका लागि यो तत्कालै सुधारमा लाग्नुपर्ने समस्या भएको गौचनले बताए । नेदरल्याण्ड्ससँगको हारपछि कप्तान रोहितकुमार पौडेलले पनि शर्ट बलका लागि आफूहरुको योजना कार्यान्वयन हुन नसकेकोमा चिन्ता व्यक्त गरेका थिए । ‘बाउन्सर र शर्ट बल कसरी खेल्ने भन्ने योजनाले आज काम गरेन । यो कमजोरीबाट सिकेर आउने खेलहरुमा राम्रो पदर्शन गर्नेछौं,’ रोहितले भनेका थिए ।

**सोमपालको चोट र सन्दीपको लय**
सोमपाल कामी र सन्दीप लामिछाने नेपालका प्रमुख दुई बलर हुन् । तीव्र गतिका सोमपाल जिम्बाव्वेविरुद्धको पहिलो खेलमै चोटग्रस्त बनेपछि बाँकी खेलका लागि उपलब्ध रहेनन् । जिम्बाव्वेको पीच कण्डिसनमा सन्दीपको बलिङ प्रभावशाली रहेन । जिम्बाव्वेसँगको खेलमा सोमपालले ५.३ ओभरमा १ मेडल राख्दै ३० रन खर्चेर १ विकेट लिएका थिए । खेलको ३४औं ओभरमा जिम्बाव्वेका कप्तान सिन विमियम्सको प्रहार हातमा लागेपछि सोमपाल मैदान बाहिरिए । बाँकी ३ बल आरिफ शेखले गरेका थिए । उनी एक साता मैदानबाहिर रहँदा बाँकी तीन खेल गुमाए । सोमपाल सम्भवतः प्लेअफ खेलका लागि उपलब्ध हुनेछन् । नाबालिग बलात्कारको आरोपमा मुद्दा खेपिरहेका सन्दीप लामिछाने ठूलो अन्योलताकाबीच टिममा समावेश भएका थिए । उनलाई जिम्बाव्वे पठाउन काठमाडौं जिल्ला अदालतले झण्डै डेढ महिनासम्म पेशी स्थगित गरिदिएको छ । विश्वका शीर्ष सबैजसो फ्रेन्चाइज लिग खेलिसकेका सन्दीपबाट जिम्बाव्वे, वेष्ट इण्डिजजस्ता ठूला टेष्ट टोलीविरुद्ध सशक्त प्रदर्शन आउने अपेक्षा थियो । तर, पहिलो खेलमा उनले जिम्बाव्वेविरुद्ध १० ओभरमा ७७ रन खर्चेर विकेटविहीन रहे । एकदिवशीय अन्तर्राष्ट्रियमा लगातार ३३ खेलमा विकेट लिएर कीर्तिमान बनाएका सन्दीप ३४औं खेलमा विकेटविहीन रहे । त्यसमात्र होइन अमेरिकासँगको दोस्रो खेलमा पनि उनले आफ्नो पूरा स्पेलमा ५८ रन खर्चेर विकेट लिन सकेनन् । तीव्र बलरहरुलाई सहयोग गर्ने जिम्बाव्वेको पीचमा सन्दीपले वेष्टइण्डिजविरुद्ध १ र नेदरल्याण्ड्सविरुद्ध २ विकेट लिए । विश्वकप छनोटको सुरुवाती ४ खेलमा शतप्रतिशत स्पेल बलिङ गरेका सन्दीले २४५ रन खर्चेर ३ विकेट लिए । ‘सधैं एउटै बलरले धमाकेदार गर्नुपर्छ भन्ने हुँदैन । सन्दीप नचल्नु हाम्रो लागि घाटा भयो । किनभने उनीबाट धेरै आशा थियो’, नेपालका पूर्व अफस्पिनर गौचनले भने, ‘विकेट र कन्डिसनका कारणले पनि फरक पर्छ । हाम्रो बलिङ र ब्याटिङमा जति पनि कमजोरी भयो त्यसलाई सुधारेर अगाडि बढ्नुपर्छ ।’ नेपालका लागि सन् २०१४ मा टी-२० विश्वकप खेलेका गौचनले ठूलो टिमसँग खेल्दा अनुभव र एक्स्पोजरले धेरै फरक पार्ने बताए । ‘नतिजाबाट हामी निराश हुनुपर्दैन । किनभने जति पनि विपक्षीहरु थिए, उनीहरु सबै माथिल्लोस्तरका थिए । एसोसिएट टिमका रुपमा टेष्ट टिमलाई चुनौति दिएर खेलिरहेका छौं भने पक्के पनि नेपाल क्रिकेटमा केहि राम्रो हुँदैछ,’ गौचनले भने ।

# आङ सान सू चीलाई रिहा गर्न छोराको आग्रह



**बीबीसी ।**
म्यान्मारकी सत्ताच्युत नेत्री आङ सान सू चीलाई कारावासबाट रिहा गर्न उनका कान्छा छोराले आग्रह गरेका छन् । बीबीसी बर्मीजलाई लन्डनबाट दिएको हालसालैको एक अन्तर्वार्तामा किम एरिसले भनेका छन्, ‘म मेरी आमालाई कारागारमा सड्न दिन सक्दिनँ ।’ उनले सिङ्गो संसारलाई आफ्नी आमालाई सहयोग गर्न आग्रह गरे । सन् २०२१ मा सैनिक नेतृत्वले सत्ता कब्जा गरेर उनको सरकारलाई अपदस्थ गरेपछि भएका विभिन्न चरणका अदालती कारबाहीपछि सू चीलाई ३३ वर्षको जेल सजाय तोकिएको छ ।

त्यसपछि म्यान्मारको राजनीति गृहयुद्धमा फसेको छ र दशौं हजार मानिसको ज्यान गइसकेको छ । बेलायती नागरिक एरिसका अनुसार सेनाले उनलाई आफ्नी आमा एवं उनको स्वास्थ्य अवस्थाबारे कुनै जानकारी दिएको छैन । यस विषयमा बुझ्न आफूले म्यान्मारको दूतावास, ब्रिटेनको परराष्ट्र मन्त्रालय र अन्तर्राष्ट्रिय रेड क्रसलाई सम्पर्क गर्ने प्रयास गरे पनि कसैले सहयोग गर्न नसकेको उनले बताए । ‘यसअघि म सञ्चार माध्यममा बोल्न वा धेरै संलग्न हुन चाहेको थिइनँ,’ अन्तर्राष्ट्रिय सञ्चार माध्यममा पहिलो पटक अन्तर्वार्ता दिँदै एरिसले भने । सन् १९८९ देखि २०१० का बीच करिब १५ वर्ष आफ्नी आमालाई हिरासतमा राखिएका बेला उनी बाहिर बोलेका थिएनन् ।

‘म राजनीतिभन्दा बाहिरै बसेको भए पनि हुन्थ्यो । मेरी आमाले पनि मलाई कहिल्यै राजनीतिमा संलग्न गराउन चाहिनन् । तर अहिले उनलाई सजाय दिइएको छ र स्पष्टतः सेनाले उचित व्यवहार देखाएको छैन । त्यसैले म चाहेको कुरा बोल्न पाउँछु जस्तो मलाई लाग्छ ।’ नोबेल शान्ति पुरस्कार विजेता सू ची संसारकै अग्रणी प्रजातान्त्रिक प्रतीक मानिन्थिन् । सन् २०१० मा उनी झन्डै १५ वर्ष लामो थुनाबाट मुक्त हुँदा म्यान्मार मात्र नभई सिङ्गो संसारले उत्सव मनायो । तर त्यसपछि संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय अदालतमा आफ्नो देशमाथि लागेको नरसंहारको आरोपको प्रतिरक्षा गरेकामा उनी आलोचित भइन् । साथै उनको सरकारका समयमा मुस्लिम रोहिन्ज्यामाथि क्रूर दमन गरेको आरोप पनि छ । हालैका वर्षहरूमा करिब १० लाख रोहिन्ज्याहरूले म्यान्मार छाडेर छिमेकी बाङ्लादेशलगायतका देशमा शरणार्थीका रूपमा आश्रय लिएका छन् । एरिसले सेनाले सत्ता कब्जा गर्नुअघि उनकी आमाबारे भएको आलोचनाबारे बीबीसीले सोधेका प्रश्नहरूको उत्तर दिन मानेनन् । बरु उनले हाल आमाले पाएको दुःखमै केन्द्रित हुन चाहेको बताए ।

**मुक्तिपछिको कारावास**
सत्ता कब्जापछि नजरबन्दमा रहेकी सू चीलाई गत वर्ष राजधानी नेप्यिटमा रहेको एक कारागारमा एक्लै बस्ने गरी सारियो। त्यसपछि उनका बारे खासै केही समाचार आएका छैनन् । उनी बिरामी परेको हल्ला चलेको थियो, तर सेनाले त्यसलाई अस्वीकार गऱ्यो । एरिसले अन्तर्राष्ट्रिय समुदायलाई म्यान्मारको सङ्कट समाधान गर्नका लागि आग्रह गरेका छन् । विरोधीको दमनमा सेनाले घातक हतियारको प्रयोग मात्र नभई हवाई आक्रमण नै गर्न थालेपछि हताहत हुनेहरूको सङ्ख्या निरन्तर बढ्दो छ । यस अवस्थामा अन्तर्राष्ट्रिय समुदायले ‘सेनालाई गरिने हतियार बिक्रीमाथि प्रतिबन्ध लगाउने र सेनाका विरुद्ध लड्न खोजिरहेकाहरूलाई सहयोग गर्ने समेतका केही काम गर्न’ सुरु गर्नुपर्ने उनको भनाइ छ । प्रतिबन्धहरू र अन्तर्राष्ट्रिय समुदायबाट एक्लिँदा पनि म्यान्मारले हतियार र तिनको निर्माणका लागि आवश्यक कच्चा पदार्थको आयात जारी राखेको छ । अन्तर्राष्ट्रिय समुदायले आफ्नी आमाको रिहाइका लागि ‘अझ बलियोसँग पैरवी गर्न थाल्नुपर्ने’ पनि एरिस बताउँछन् । ‘आफूबाहेक कसैको सहयोग नपाई यस्तो कठिन परिस्थिति सामना गरिरहेका बर्माका जनताका लागि समुचित सहायता’ उपलब्ध गराउन उनले सिङ्गो संसारलाई आग्रह गरेका छन् ।

**अविराम आशा**
बिरामी आमाको हेरचाहका लागि सन् १९९८ मा ‘द लेडी’ भनेर चिनिने सू ची यूकेबाट म्यान्मार फर्किएदेखि नै एरिस र उनका दाजु आफ्नी आमाबाट प्रायःजसो छुट्टिएर बसिरहेको अवस्था थियो । म्यान्मारको स्वतन्त्रताका नायक जेनरल आङ सानकी छोरी सू ची त्यसपछि सैनिक अधिनायकवादी शासन विरुद्धको प्रजातन्त्रवादी आन्दोलनको नेत्रीका रूपमा उदाइन् । उनले न्याश्नल लीग फर डिमोक्रसी (एनएलडी) नामक राजनीतिक दल स्थापना पनि गरिन्, तर सन् १९८९ देखि घरमै नजरबन्दमा परिन् ।

सन् १९९१ मा उनले नोबेल पुरस्कार पाइन्, तर फर्कन नपाइने त्रासका कारण म्यान्मार छाडिनन् । उनका तर्फबाट त्यति बेला १४ वर्षका एरिसले पुरस्कार ग्रहण गरे । सन् १९९९ मा क्यान्सरका कारण आफ्ना श्रीमान्को निधन हुनुअघि सू ची उनलाई भेट्न पनि गइनन् । सन् २०१० मा हिरासतबाट रिहा भएकी सू चीलाई एरिसले अन्तिम पटक भेटे। छुट्नुअघि उनले आमालाई याङ्गोनको बजारबाट किनिएको एक कुकुर पनि उपहार दिए । ‘पिँजडामा राखिएका धेरै कुकुरहरूमध्ये ऊ मात्र वास्तमा जागा थियो ‘त्यसैले ऊ मसँग घर आयो,’ एरिस सम्झन्छन् । ‘त्यसयता ऊ मेरी आमाको अति विश्वसनीय साथी बनेको छ ।’ विगत २५ वर्षमा पहिलो पटक भएको म्यान्मारको निर्वाचनमा आफ्नो दल एनएलडीलाई अत्यधिक मत प्राप्त गर्न सफल बनाएपछि सू ची देशको ‘वास्तविक’ (‘डिफ्याक्टो’) शासक बनिन् । आलोचित भए पनि उनी म्यान्मारका जनतामाझ अझै एकदमै लोकप्रिय छिन् । आफ्नी आमा छिट्टै रिहा हुने कुरामा एरिस विश्वस्त छन् । ‘सेनाले कहिल्यै पनि युद्ध जित्ने छैन, उसले खालि कति लम्ब्याउन सक्छ भन्ने कुरा हो,’ उनी भन्छन् । ‘उनीहरू जति छिटो मेरी आमा र प्रजातान्त्रिक तरिकाबाट निर्वाचित सरकारलाई सत्ता सुम्पन्छन्, त्यति नै छिटो उनीहरूको देशमा प्रगति सुरु हुन्छ ।’



# मधेशमा जन्मसिद्ध सन्तानलाई नागरिकता वितरण सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वर्षोदेखि नागरिकता पाउनबाट बंचित जन्मसिद्ध नागरिकका सन्तानहरुले आइतबारदेखि नागरिकता पाउन थालेका छन् ।
प्रतिनिधिसभाद्वारा बहुमतले पारित गरेको नागरिकता विधेयकमाथि सर्वोच्चमा परेको मुद्दाको फैसला बिहीबार आएपछि जन्मसिद्धका सन्तानहरुले आ-आफ्ना वडाहरुमा सिफरिस लिनका लागि प्रक्रियामा गएका छन् । नागरिकता लिनेहरुलाई विभिन्न ९ वटा कागजात पेश गर्न भनिएको छ । तर, मधेश प्रदेशमा जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकता दिने प्रावधान जिल्ला प्रशासन कार्यालयहरुले भने अगाडि बढाएका छन् ।
बिहीबार सर्वोच्च अदालतले नागरिकता ऐनमाथिको रिट खारेज गरेसँगै वितरण गर्ने तयारी सुरु गरिएको छ । शुक्रबार केही जिल्लामा नागरिकता दिइएको छ भने केही जिल्लाले आइतबारदेखि दिने तयारी थालेको छ ।
मधेशको आठै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुले आवश्यक कागजातसहित नागरिकता लिन आउन सूचना जारी गरेका छन् । तर, जिल्ला प्रशासन कार्यालय धनुषाले अनलाइन फारम भराउने तयारी थालेका छन् ।



धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले अनलाइन फारम भर्ने र टोकन अनुसार नागरिकता वितरण गरिने जानकारी दिए । जिल्ला प्रशासन कार्यालय धनुषाले पालिकाहरुलाई पत्राचार गर्ने र जनप्रतिनिधि तथा वडा सचिवहरुसँग छलफलपछि आइतबारबाट नागरिकता वितरण सुरु गरिने धनुषाका प्रमुख जिल्ला अधिकारी दाहालले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयहरुले स्थानीय तहहरुलाई पत्राचार पनि गरेका छन् ।
महोत्तरीमा पहिलो दिन नै एक जना जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता पाएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपक कुमार पहाडीले जानकारी दिए । शुक्रबार एक जनाको मात्रै सिफारिस आएको र नागरिकता दिइएको उनले बताए । उनका अनुसार नागरिकता वितरणका लागि वडा कार्यालयलाई सिफारिस गरिदिन जिल्ला प्रशासन कार्यालयले सबै पालिकालाई पत्राचार गरिसकेको छ ।त्यस्तै,सिरहाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडाले शुक्रबारबाट नै दिइने तयारी गरे पनि सिफारिस नआएको बताए ।
जनकपुरधाम उप-महानगरपालिका वडा ३ का वडाध्यक्ष दीपेन्द्र साहले आफ्नो वडाबाट शुक्रबार करीब १० जनाको सिफारिस गरिएको जानकारी दिए । उनले भने-'जति चाप हुनुपर्ने थियो त्यो भएन् तर, सिफारिसका लागि उनीहरु कागजात जुटाउनमा लागेको देखिएको छ ।'
जन्मसिद्धका सन्तानहरुले नागरिकता नपाएका कारण लामो समयदेखि अनागरिक सरह बनेका थिए । सर्वोच्च अदालतले नागरिकतामाथिको मुद्दा खारेज गरेपछि उनीहरुले काठमाण्डुको माइतीघरमा गर्दै आएको आन्दोलन फिर्ता लिइ खुशियाली मनाएका थिए । तर, जिल्ला प्रशासन कार्यालयहरुले सार्वजनिक गरेको सूचनामा कतै सक्कल कागजात त कतै प्रतिलिपि माग गरेका कारण नागरिकताविहीनहरुमा अन्योलता थपिएको छ । कुनै जिल्ला प्रशासनले कतै अनलाइन कागजात पेश गर्न भनेको छ भने कतै कागजात सिधै जिप्रकामा बुझाउन भनिएको छ । जसले उनीहरुमा अन्योलता थपिएको छ ।

# अतिरिक्त हुलाकका कर्मचारीद्वारा हुलाक कार्यालयमा तालाबन्दी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले न्यायपूर्ण व्यवहार नगरेको भन्दै अतिरिक्त हुलाक कार्यालयका कर्मचारीहरु आन्दोलित भएका छन् ।
उनीहरुले विभिन्न चार बुंदे माग अगाडी सार्दै आइतबार हुलाक कार्यालय जनकपुरधाममा तालाबन्दी गरेका छन् । आर्थिक वर्ष २०८०/०८१ को बजेटमा सरकारले अतिरिक्त हुलाक खारेज गर्ने घोषणा गरेपछि उनीहरु आन्दोलित भएका हुन् ।
नेपाल अतिरिक्त हुलाक कर्मचारी एसोसिएसनको अगुवाइमा उनीहरुले जिल्ला हुलाक कार्यालय अगाडि धर्नामा बसेका छन् । अतिरिक्त हुलाक कार्यालयका कर्मचारीहरु विभिन्न ४ वटा माग अगाडी सारेका छन् । अतिरिक्त हुलाक खारेजको निर्णय तत्काल फिर्ता गर्न, अतिरिक्त हुलाकमा लामो समयदेखि कार्यरत कर्मचारीहरुको रोजगारी नखोस्न, हुलाकको संरचना खारेज होइन यसको सेवाको पुनःसंरचना गर्न र राजीनामा दिइ सेवाबाट नियमित रुपमा अवकाश भएका वा हुने कर्मचारीहरुको सेवा अवधि तथा सेवा सुविधा सुनिश्चित गर्नुपर्ने उनीहरुको माग छ ।
उनीहरुले अतिरिक्त हुलाक कार्यालयले प्रदान गर्ने सबै सेवा बन्द गरेर विरोध गरेका थिए ।
अतिरिक्त हुलाक, इलाका हुलाक तथा जिल्ला हुलाक कार्यालयहरुमा माग पूरा नभएसम्म प्रदर्शनका साथै कामकाज ठप्प पारी तालाबन्दी गर्ने र यो चरणको आन्दोलन सकिादासम्म पनि सरकारले माग पूरा नगरेमा यसपछि हुलाक सेवा विभागमा धर्नाका कार्यक्रम राखिने नेपाल अतिरिक्त हुलाक कर्मचारी एसोसिएसन धनुषाको बिरोध कार्यक्रमका संयोजक जिल्ला अध्यक्ष प्रदीप कुमार यादवले चेतावनी दिए ।धनुषामा ७५ वटा अतिरिक्त हुलाक कार्यालय छन् भने यसमा १ सय ७५ जना कर्मचारी कार्यरत छन् ।

# जसपाको विधान अधिवेशन सुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी, नेपालको विधान अधिवेशन आइतबारबाट सुरु भएको छ । नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौँमा आइतबारबाट सुरु भएको पार्टीको विधान अधिवेशन असार १२ गतेसम्म चल्ने छ ।
अधिवेशनले पार्टीलाई गतिशील र चलायमान बनाउन मद्दत गर्ने जसपाले जनाएको छ ।
अधिवेशनको पहिलो दिन पार्टीको विधान मस्यौदा प्रस्तुत भएको छ । असार ११ गते सोमवार सहभागी भएका प्रतिनिधिहरूलाई समूहमा विभाजन गरेर विधानमाथि छलफल गरिनेछ । असार १२ गते मङ्गलवार विधानमाथि पार्टीका नेताहरूले धारणा राख्ने कार्यक्रम रहेको पार्टीका प्रवक्ता मनिष सुमनले जानकारी दिए । विधान अधिवेशनमा जसपाका अध्यक्ष उपेन्द्र यादव, जसपा नेताहरू अशोक कुमार राई, राजकिशोर यादव, प्रकाश अधिकारी, रेणु यादव, लालबाबु राउत लगायतका मुलुकभरबाट एक हजारभन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको छ ।

# नागरिकता प्राप्तीमा बाधक बन्नेलाई कारवाही

**मधेशदृष्टि**
**वीरगंज ।**
नागरिकता प्राप्तिका लागि परिवारका सदस्यले पनि पहिचानका लागि सहयोग गर्नुपर्ने व्यवस्था नेपाल नागरिकता पहिलो संशोधन ऐन २०७९ मा गरिएको छ । सहयोग नगर्ने परिवारका सदस्यलाई जिल्ला प्रशासन कार्यालयले पत्राचार गरेर सहयोग गर्न आदेश दिन सक्नेछ । यस्तो आदेशको अवज्ञा गर्नेलाई तीन महिनासम्म कैद र १० हजार रुपैयाँ जरिबानाको व्यवस्था ऐनमा गरिएको छ ।
यो व्यवस्थापछि परिवारका सदस्यको असहयोगका कारण नागरिकता नपाउने अवस्थाको अन्त्य हुने विश्वास लिइएको छ । सर्वोच्च अदालतको आदेशपछि कार्यान्वयनमा आएको ऐनमा गैरआवासीय नेपालीलाई नागरिकता दिने व्यवस्थासमेत छ । गैरआवासीय नेपालीलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारसहितको नागरिकता प्रदान गरिने छ । नेपाल नागरिकता पहिलो संशोधन ऐन




२०७९ कार्यान्वयनसम्बन्धी सञ्चार क्षेत्रको भूमिका विषयमा आइतवार महिला, कानुन र विकास मञ्चले आयोजना गरेको छलफलमा संविधानसभा सदस्य रामकुमार शर्माले नेपालको संविधान २०७२ अनुसार संविधान जारी भएको तीन वर्षभित्रमा बनिसक्नुपर्ने कानुन आठ वर्षपछि बल्ल बने पनि खुशी हुनुपर्ने अवस्था रहेको बताउनुभयो । मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले जन्मका आधारमा नेपाली नागरिकता पाएका आमाबाबुका छोराछोरीलाई नागरिकता दिने, हजुरबा हजुरआमाले वंशजको नागरिकता पाएका नाति नातिना गैरआवासीय नेपाली भए गैरआवासीय नेपालीको नागरिकता पाउने तर मतदानलगायत राजनीतिक अधिकार नपाउने व्यवस्था संशोधित ऐनमा रहेको बताउनुभयो ।
विदेशीसँग विवाह गर्ने महिलालाई भने ऐनले अझै विभेद गरेको उनको भनाइ थियो । विदेशी नागरिकसँग विवाह गरेका महिलाले आफ्ना पतिलाई नागरिकता दिन नसक्ने व्यवस्था विभेदकारी भएको उनको भनाइ छ । संविधानको धारा ३८ (१) ले समान वंशीय हक सुनिश्चित गरे पनि कानुन त्यसअनुसार बन्न नसकेको श्रेष्ठको भनाइ थियो । थर र ठेगाना भने नागरिकता लिनेको इच्छाका आधारमा राखिने व्यवस्था पनि संशोधित ऐनमा गरिएको छ । लैङ्गिक पहिचानसहितको नागरिकता पाउनसक्ने व्यवस्था पनि ऐनमा गरिएको छ । कार्यक्रममा अधिवक्ता सुषमा गौतम, विनोद देवकोटा र बिनु लामाले पुरुष, महिलाबाहेक अन्यका नाममा नागरिकता लिन मेडिकल समितिबाट प्रमाणित गर्नुपर्ने व्यवस्थाप्रति भने विचार गर्नुपर्नेमा जोड दिएका थिए । यस्तो नागरिकता लिन चाहनेलाई सर्वाङ्ग नाङ्गो बनाएर गरिने परीक्षण उपयुक्त नभएकोमा कार्यक्रममा सहभागीले जोड दिएका थिए ।

# धोविनीमा अनियमितता भएको भन्दै प्रधानमन्त्रीलाई ज्ञापन

**मधेशदृष्टि**
**वीरगंज ।**
धोविनी गाउँपालिकामा व्यापक रुपमा अनियमितता भईरहेको भन्दै आइतबार पर्साका विभिन्न राजनीतिक दलहरुले प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापन पत्र बुझाई ध्यानाकर्षण गराएका छन् । प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी मार्फत प्रधानमन्त्री प्रचण्डलाई बुझाईएको ज्ञापन पत्रमा भ्रष्टाचार सामाजिक अपराध भएको र हाल धोविनी गाउँपालिकमा भइरहेको अनियमितता रोक्नुपर्ने माग गरिएको छ ।
ज्ञापन पत्रमा धोविनी गाउँपालिकाको बेरुजु रकम रु.२३ करोड ४१ लाख ९३ हजार नाघेको बताउदै यसले धोविनी गाउँपालिका भित्रको वेथितीलाई प्रष्ट पारेको कुरा उल्लेख गरिएको छ । ज्ञापन



पत्रमा नेपालको संविधान २०७२ को धारा २७ बमोजिम सूचनाको हक सम्बन्धी ऐनलाई टेकेर स्थानिय यूवाहरुको समुहले पटक-पटक सूचना माँग गर्दा सूचना उपलब्ध नगराउने सूचना अधिकारीलाई कुनै कारवाही नभएको हुँदा भ्रष्टचार मौलाउदै गएको बताउदै धोबिनीमा विभिन्न राजनीतिक दलहरुको सम्पन्न सर्वदलिय बैठकले भ्रष्टचार विरुद्ध आनदोलन गर्ने निर्णय समेत गरेको कुरा उल्लेख छ । ज्ञापन पत्रमा आर्थिक वर्ष २०७४ साल देखि हाल सम्म धोविनी गाउँपालिकाको सम्पूर्ण गतिविधिहरुको विवरण त्यस अन्तर्गत संघिय सरकारबाट प्राप्त सम्पूर्ण बजेट प्रदेशबाट प्राप्त हुने सम्पूरक, विशिष्ट लगायतका सम्पूर्ण अनुदार रकमको विवरण तथा स्थानिय श्रोतबाट आएको बजेटको विवरण उपलब्ध गराउन गाउँपालिकाको श्रोत, साधन हुदै आएको दुरुपयोगलाई रोक्न, किसानलाई उचित समयमा मल खाद्द उपलब्ध गराउन समेत माग गरिएको छ । नेकपा माओवादीका प्रदेश कमिटी सदस्य सलाउद्दिन अहमदको नेतृत्वमा गएका स्थानीय, माओवादी केन्द्र ने.क.पा.एमाले जनमत पार्टी र लो.स.पाका नेता तथा कार्यकर्ताहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञमपन पत्र बुझाएका थिए ।

# जगरनाथपुरले ल्याए ४१ करोड ८८ लाख बजेट

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिकाको ९ औं गाउँ सभा आइतबार सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवको अध्यक्षमा सम्पन्न गाउँ सभामा अगामी आर्थिक बर्ष २०८०/०८१ का लागि ४१ करोड ८८ लाख बराबरको बजेट प्रस्ताव गरिएको छ । शिक्षा तर्फ २ करोड ३५ लाख, २० हजार, स्वास्थ्य तर्फ १ करोड १३ लाख, कृषि तर्फ ८५ लाख ५५हजार, खानेपानी, सामाजिक समावेशीकरण, वन तथा विपद व्यवस्थापन, सोलार सौर्य बत्ती बिजुली जडान, मठ मन्दिर तथा मस्जिद सास्कृतिक सम्पदा, कार्यालय संचालन तथा प्रसासनिक खर्च तथा कर्मचारी को तलब




भत्तासहितको बजेट विनियोजन गरेको हो । बजेटमा नेपाल सरकारलको सशर्त अनुदान १६ करोड २६ लाख, पुजिगत अनुदान ८६ लाख, समपुरक अनुदान ५० लाख, विशेष अनुदान ८० लाख , प्रदेस सरकारको समपुरक अनुदान २० लाख, विशेष अनुदान ३० लाख गरि जम्मा बजेट ४१ करोड ८८ लाख एक हजार एक सय एक रुपैयाँ को विनियोजन गरिएको छ । गाउँपालिका अध्यक्ष यादवले अगामी आर्थिक बर्षको नीती तथा कार्यक्रम प्रस्तुत गर्दै विद्यालयहरुमा विद्यार्थीहरुलाई ल्याउ, टिकाउ र सिकाउ अभियान संचालन गरिने बताए । उनले विद्यालयलाई आपंगता तथा बालमैत्री बनाइने वताए । अध्यक्ष यादवले गाउँपालिकाबाट प्रवाह हुने सेवा मुस्कानसहित प्रदान गरिने वताए । उनले सासु, ससुरालाई राम्रोसंग स्याहार सुसार गर्ने बुहारीलाई सम्मान गरिने समेत जानकारी दिए । बजेटमा प्रत्येक वडाको स्वास्थ्य चौकीमा एमबिबिएस डाक्टरको व्यवस्था गरिने र गाउँपालिकामा १५ बेडको अस्पताल संचालनको लागि संघ र प्रदेश सरकारसंग पहल गरिने वताए । गाउँ सभाको उद्घाटन सत्रमा नेपाली कांग्रेसका नेता तथा प्रदेश सभा सदस्य शंकर प्रसाद चौधरी, नबिन सिंह, सहरुम राउत गदि, महम्द अफताब आलम,नेपाली कांग्रेस पर्सा क्षेत्र नं ४ का क्षेत्रिय सचिव बलिष्टर अहमद, प्रमुख प्रशासकिय अधिकृत कृष्णनन्दन राय,गाउँपालिकाका वडाध्यक्ष तथा डा सदस्यहरुको सहभागिता रहेको थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन